सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com


१३ वैशाख २०८२, शनिबार (26 Apr 2025 atm day) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सरकारले नै वार्ता टोली तोकिदिएपछि भड्किए शिक्षक

शिक्षक महासंघले वार्ताका लागि १३ जनाको सूची पठाएको थियो, तर मन्त्रालयले १२ जनाको नाम थपेर २५ जनाको सूची सार्वजनिक गरेपछि चलखेलको आशंकामा सिंहदरबार गेटबाटै फर्किएको आधिकारिक टोली



आन्दोलनको २४औँ दिन आफूहरूको माग पूरा गर्न सर्वोच्च अदालतले सरकारका नाममा बिहीबार आदेश दिएपछि थप दबाब बढाउन शुक्रबार चर्को घाममा पनि छाता ओढेरै आन्दोलनमा शिक्षक । तस्बिर : **दिपेन्द्र ढुंगाना**



● **लक्ष्मीकिशोर सुवेदी**
अध्यक्ष, नेपाल शिक्षक महासंघ

शिक्षा मन्त्रालयबाट सार्वजनिक भएको २५ सदस्यीय नामावली नेपाल शिक्षक महासंघले तयार गरेको होइन । नवनियुक्त मन्त्री रघुजी पन्तसँग औपचारिक भेटका लागि हामी जाने क्रममा थियौँ, तर उहाँकै कारण हामी जाने अवस्था भएन, हामीले पठाएको नामावलीअनुसार भित्रबाट बोलाइएन ।



● **रघुजी पन्त**
शिक्षामन्त्री

शिक्षकलाई वार्तामा बोलाएर म कुरेर बसेको थिएँ, केही त आउनुभयो, तर अधिकांश गेटमै रोकिनुभयो । मैले सहसचिवलाई नै गेटमा पठाएर ल्याउनु पनि भनेको थिएँ, तर धेरै शिक्षक गेटबाटै फर्किनुभयो ।

अर्को वार्ता आज बिहानका लागि आह्वान

शिवहरि घिमिरे / नयाँ पत्रिका

वार्तामा बस्ने शिक्षकहरूको नाम पनि सरकारले नै तोकेपछि शुक्रबारका लागि तय भएको सरकार-शिक्षक वार्ता भड्किएको छ । शिक्षामन्त्री रघुजी पन्तसँग वार्ता गर्न गएकामध्ये कतिपय शिक्षकको नाम सिंहदरबारभित्र प्रवेश पाउने सूचीमा नरहेको र कतिपय अन्य शिक्षकको नाम रहेको देखेपछि अध्यक्ष लक्ष्मीकिशोर सुवेदीसहितको टोली गेटबाटै फर्किएको हो ।

आफूहरूले तय गरेकोभन्दा अलग्गै सूची बनाएर मन्त्री पन्तले वार्तामा राजनीति गर्न खोजेको शिक्षकहरूको आशंका छ । शिक्षक महासंघले वार्ताका लागि १३ जनाको नामावली पठाएको थियो । तर, मन्त्रालयले

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ बजेट अधिवेशन सुरु

कार्यसूचीमा परेन शिक्षा विधेयक

दुवै सदनको वैशाख मसान्तसम्मको कार्यतालिकामा नीति तथा कार्यक्रममाथिको छलफल, त्यसको अनुमोदन र प्रि-बजेट छलफल समावेश छन् । तर, हाल प्रतिनिधिसभाको समितिमा रहेका शिक्षा र निजामती विधेयक कार्यसूचीमा परेनन् ।

नयाँ पत्रिका

संघीय संसद्को बजेट अधिवेशन प्रारम्भ भएको छ । बजेट अधिवेशनको प्रारम्भमा दुवै सदनले वैशाख मसान्तसम्मको क्यालेन्डर कार्यव्यवस्था तथा परामर्श समितिबाट पारित गरेका छन् । तर, दुवै क्यालेन्डरले आन्दोलनको मागका रूपमा रहेको विद्यालय शिक्षा विधेयक र संघीय निजामती विधेयक पारित गर्ने भनेर समेटेको छैन ।

अधिवेशनको प्रारम्भमा वैशाखसम्मको क्यालेन्डर पारित गरेर शुक्रबार प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठक बसेको थियो । १३ वटा बैठक बस्ने गरी निर्धारण गरिएको प्रतिनिधिसभाको क्यालेन्डरअनुसार तीनवटा विधेयक पारित गर्ने र सातवटा प्रक्रियामा अगाडि बढाउने कार्यसूची छ । सातवटा बैठक निर्धारण गरेको राष्ट्रिय सभाले दुईवटा विधेयक प्रक्रियामा लैजाने गरी क्यालेन्डर बनाएको छ ।

संसद्को पहिलो दिन : कुन पार्टीका सांसदले के भने ?
(पृष्ठ २)

तर, वैशाख मसान्तसम्मको दुवै क्यालेन्डरमा चौतर्फी माग गरिएको शिक्षा र निजामती विधेयक पारित गर्ने कार्यसूची छैन । हाल दुवै विधेयक प्रतिनिधिसभाको समितिमा छन् । वैशाखसम्मको दुवै क्यालेन्डरमा केही विधेयक पारित र प्रक्रियामा लैजानुको अलावा नीति तथा कार्यक्रममा छलफल गरेर पारित गर्ने र प्रि-बजेट छलफल चलाउने कार्यसूची छ ।

प्रतिनिधिसभाको क्यालेन्डरअनुसार पहिलो बैठकमा वैकल्पिक वित्त परिचालन विधेयक प्रस्तुत गरिएको छ । दोस्रो बैठकमा भन्सार विधेयक, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकसम्बन्धी समितिको प्रतिवेदन पेस गर्ने कार्यसूची छ । नेपाल हवाई सेवा प्राधिकरण विधेयकमाथि सैद्धान्तिक छलफल गरिनेछ । नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक दफावार छलफलका लागि समितिमा पठाइनेछ । बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयकमाथि राष्ट्रिय सभाबाट

» पृष्ठ २ मा क्रमशः

■ सहकारी ठगीमा फरार कांग्रेस सांसद राईलाई सरकारको संरक्षण

संसद्मै पुगेर हाजिर गरेर बाहिरिइन्, तीन घेराको प्रहरीले 'नदेखेझैं' गऱ्यो

कमलराज भट्ट / नयाँ पत्रिका

बानेश्वरस्थित संसद् भवन प्रवेश गर्ने गेटहरूदेखि बैठक कक्षसम्म पुग्न सांसदहरूले कम्तीमा तीन सुरक्षा घेरा पार गर्नुपर्छ । प्रायः सबै प्रहरीले सबै सांसदलाई चिनेका पनि हुन्छन् । तर, शुक्रबार आठ महिनादेखि फरार एक कांग्रेस सांसद सरासर संसद्भित्र पुगिन्, हाजिरी गरिन् र फर्किइन् । प्रहरीले 'नदेखेझैं' गऱ्यो ।

सहकारी ठगीमा प्रहरीको खोजी सूचीमा रहेकी कांग्रेसकी फरार सांसद माया राई आठ महिनापछि संसद्मा उपस्थित भएकी हुन् । संसद् सचिवालयको सांसद सुविधा व्यवस्थापन महाशाखाका उपसचिव प्रदीपकुमार नेपालका अनुसार बजेट अधिवेशनको पहिलो दिन प्रतिनिधिसभा सदस्य राईले संसद्मै पुगेर हाजिर गरेकी छिन् ।



एक वर्षदेखि फरार गीता बस्नेत पक्राउमा पनि विलम्ब

हाजिरलगत्तै उनी हिँडेकी थिइन् । पक्राउ पुर्जी जारी गरेको प्रहरीले भने उनलाई संसद् भवनपरिसरमा भेट्टाएन । अहिले गृह प्रशासनकै संरक्षणमा राईलाई संसद्मा उपस्थित गराइएको संसद्का पदाधिकारी बताउँछन् । उनले संसद्को तलब-भत्ता पनि नियमित बुझ्केकी छिन् ।

भोजपुरबाट आदिवासी जनजाति कोटातर्फ समानुपातिक सांसद राई काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुई अर्ब ६५ करोड हिनामिनामा पक्राउ पुर्जी जारी भएपछि फरार थिइन् । उनी भदौयता सदन र समितिमा अनुपस्थित रहँदै आएकी थिइन् ।

पक्राउ पुर्जी जारी भएर प्रहरीको गिरफ्तारी

» पृष्ठ २ मा क्रमशः



कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुई अर्ब ६५ करोड हिनामिनामा तानिएकी माया राई आठ महिनादेखि प्रहरीको फरार सूचीमा छिन्

■ राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको दाबी-

भाटभटेनीमा लुटपाट गर्ने कांग्रेस सहमहामन्त्रीका छोरालाई प्रहरीले तत्काल छाड्यो

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले १५ चैतमा भाटभटेनी लुटपाटमा कांग्रेसकै नेताका छोरा संलग्न रहेको र त्यसको प्रमाण आफूसँग भएको दाबी गरेका छन् । शुक्रबार प्रतिनिधिसभाको बैठकमा बोल्दै लिङ्देनले कांग्रेस सहमहामन्त्रीको छोराले भाटभटेनीबाट रक्सी चोरेको, प्रहरीले उसलाई पक्राउ पनि गरेको, तर पछि नेताको छोरा भनेर पहिचान भएपछि छाडिएको बताए । 'हामीसँग त रेकर्ड छ गृहमन्त्रीज्यू, भाटभटेनीको लुटपाटमा सत्तारूढ पार्टीको, तपाईंको पार्टीको सहमहामन्त्रीको छोरा पक्राउ परेको छ । किन छाड्नुभयो तुरुन्तै ? तपाईंको नेताको छोराले रक्सी लिएर गयो, उसले ल्याएको मान्छेले म रक्सी खान्नँ, मलाई कपडा काम लाग्छ भनेर कपडा लिएर गयो । पछि थाहा भयो- तपाईंको पुलिसले भिडियो हेरेर पत्रिक्रयो, तर पत्रिँदा त नेताको छोरा रहेछ । नेताको छोरालाई छाड्नुभयो, ल्याएको मान्छे छुटेन । पछि यो कुरा सार्वजनिक गरिदिन्छु भनेर धम्क्याएपछि दुई घण्टापछि छोड्नुभयो,' उनले भने, 'त्यसकारण यो सत्य-तथ्य सार्वजनिक हुन जरुरी छ ।'



माया राईलाई पक्राउ गर्न अदालतको अनुमति छ, तर गृह प्रशासनको 'आदेश' छैन

● काठमाडौं परिसरका एसएसपी **विश्व अधिकारी** भन्छन्-



माया राईले संसद्मा हाजिर गरेको विषयमा जानकारी छैन । स्वर्णलक्ष्मी सहकारीको ठगीमा अनुसन्धान चलिरहेकै छ । फरारहरूको खोजीको काम भइरहेको छ ।

सांसद राईलाई प्रहरीले गत कात्तिकमा नै पक्राउ गर्न अदालतबाट अनुमति पाएको थियो । त्यसवेला ठेगाना खुल्न नसकेको भन्दै उनलाई मुद्दाबाट उन्मुक्ति दिइएको थियो । तर, दोस्रो चरणको अनुसन्धानमा प्रहरीले उनको ठेगाना मात्र होइन, सहकारीको हिनामिनासम्बन्धी निर्णयमै संलग्नता खुल्ने प्रमाण फेला पर्दा पनि पक्राउ गरेको छैन ।

सहकारी ठगीमा संलग्नता पुष्टि हुँदा पनि सत्तारूढ दल कांग्रेसकी सांसद भएकाले उनलाई पक्राउ गर्न गृह मन्त्रालयले स्वीकृति नदिएको प्रहरी स्रोत बताउँछ । पद जोगाउनकै लागि गृह मन्त्रालयसमेतको मिलेमतोमा फरार रहेकै अवस्थामा उनलाई सुटुक्क संसद्मा हाजिर गर्ने वातावरण मिलाइएको छ ।

जिल्ला प्रहरी परिसर, काठमाडौंले पहिलो चरणमा अनुसन्धान गरी गत २१ पुसमा ३९ जनाविरुद्ध मुद्दा दायर गरी थप व्यक्तिमाथि दोस्रो चरणमा अनुसन्धान गर्ने बताएको थियो । तर, त्यसमा फरार सांसद संसद्मा हाजिर गर्न जाँदा पनि प्रहरीले चासो नदिनुले प्रहरी अनुसन्धान सत्ताको छायामा परेको प्रस्ट भएको छ ।

काठमाडौं परिसरका एसएसपी विश्व अधिकारी सांसद राईले संसद्मा हाजिर गरेको विषयमा जानकारी नभएको बताउँछन् । 'स्वर्णलक्ष्मी सहकारीको ठगीमा थप अनुसन्धान चलिरहेकै छ,' उनले भने, 'फरारहरूको खोजीको काम भइरहेको छ ।'

» पृष्ठ २ मा क्रमशः

फोटो देखाउने र फोटोमा देखिने सोनिस

जो चार महिनाको छँदा ०७२ को भूकम्पमा भत्किएको घरभित्र २२ घण्टा पुरिएका थिए

शब्द/तस्बिर **अमुल थापा**

फ्रेममा सजाइएको बालकको धुलाम्य तस्बिर र उक्त तस्बिर देखाउने बालक एउटै हुन्, भक्तपुर व्यासीका सोनिस अवाल । फ्रेमको तस्बिर उनी चार महिनाको छँदा १२ वैशाख ०७२ को भूकम्पमा भत्किएको आफ्नै घरभित्र पुरिएर २२ घण्टामा उद्धार गरेपछिको हो । अहिले १० वर्ष चार महिनाका सोनिस कक्षा पाँचमा पढ्ने भएका छन् । भूकम्पमा परेको घटनाबारे अभिभावकले उनलाई सबै बताएका छन् । उनले भूकम्पबाट बच्चे उपायसमेत सिकिसकेका छन् । 'म कसरी पुरिएको भनेर ममीले मलाई ठुलो भएपछि भन्नुभयो । त्यतिवेला म सुतिरहेको थिएँ रे, दिदीले टिभी हेर्दै अचानक बत्ती निभ्यो, घर हल्लियो, त्यसपछि घर नै भत्कियो रे,' उनले भने ।

सेनाले उद्धार गरेको सोनिसलाई अहिले सेनाले नै पढाइदिएको छ । पढाइमा जेहेनदार र अब्बल उनी फुटबलर बन्न चाहन्छन् । आफूलाई रोनाल्डोको 'फ्यान' बताउँछन् । भाग्यले बाँचेको छोरालाई असल बाटोमा हिँडाउने पहल आमा रश्मिलाको छ । 'घर ध्वस्त भयो, धन्न मानवीय क्षति भएन,' उनले त्यो त्रासदी सम्झिँदै भनिन्, 'सोनिस हुर्किँदै छ, अब उसलाई असल बाटोमा हिँडाउनु छ ।'



फ्रेममा सजाइएको सोनिसको उद्धार गरिएको तस्बिर पनि १० वर्षअघि अमुल थापाले नै खिचेका हुन्

झ्यालनयाँ

सर्जकलाई डर लाग्छ !



सिर्जना

● शम्भुजित बास्कोटा

राजतन्त्रको पुनर्जीवन



फिल्डमा किन क्रोधित देखिन्छ प्रहरी ?

■ बर्दीको दम्भ कि तालिमको अभाव ?



↑ ३१ वैशाख ०८१, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल : विदेशबाट फर्किएका एक युवकलाई सामान्य विवादमै नियन्त्रणमा लिएर लात्तामुक्की



↑ ०७९, सोह्रखुट्टे : शुक्रबारदेखि सामाजिक सञ्जालमा फैलिएको भिडियोमा हवल्दारले एक व्यक्तिलाई कठालो समातेर कुटपिट गरेको देखिन्छ



↑ २३ मंसिर ०८१, सुन्धारा : स्कुटरमा नियमविपरीत सामान बोकेको विषयमा विवाद बढेपछि लछारपछार गर्दै लात्ताले अनुहारमै चोटिलो प्रहार



● **डिआइजी दिनेश आचार्य**
प्रवक्ता, नेपाल प्रहरी

भिडियो अध्ययन गरी सर्वसाधारणमाथि दुर्व्यवहार गर्ने प्रहरीमाथि छानबिनमार्फत कारबाहीको प्रक्रिया चलिरहेको छ



● **श्यामबाबु काफ्ले**, सहायक प्रवक्ता, राष्ट्रिय मानव अधिकार आयोग

सर्वसाधारणमाथि प्रहरीबाट भएको व्यवहार गम्भीर प्रकृतिका छन् । प्रहरीबाट हुन सक्ने खालको होइन ।



● **जीवनकुमार श्रेष्ठ**, पूर्वएसएसपी

प्रहरी कुटपिटमा लाग्ने होइन, कानुनी कारबाहीमा लाग्नुपर्छ । रिफ्रेसर तालिम र अनुगमन पनि बढाउन जरुरी छ ।

नवराज मैनाली / नयाँ पत्रिका

प्रहरी कर्मचारीले ड्युटीका क्रममा सर्वसाधारणमाथि हातपात तथा कुटपिट गरेका एकपछि अर्को भिडियो सामाजिक सञ्जालमा फैलिएका छन् । यस्ता भिडियोले प्रहरीप्रतिको आमधारणा नकारात्मक मात्र बनिरहेको छैन, मानव अधिकारको पनि गम्भीर प्रश्न उठाएको छ ।

» पृष्ठ २ मा क्रमशः

आवासीय चिकित्सकको आन्दोलन

सरकारी अस्पतालमा पनि ओपिडी सेवा ठप्प



नयाँ पत्रिका

चिकित्सा शिक्षा आयोगको निर्णयअनुसार सुविधा माग राख्दै देशभरका आवासीय चिकित्सक आन्दोलनमा उत्रिएपछि शुक्रबारदेखि सरकारी अस्पतालमा ओपिडी सेवा ठप्प भएको छ । आवासीय चिकित्सकहरूले काम नगरेपछि ठुला अस्पतालमा बिरामी प्रत्यक्ष प्रभावित भए । निजी मेडिकल कलेजमा कार्यरत आवासीय चिकित्सक मात्र आन्दोलनमा रहेकै वेला नेपाल चिकित्सक संघको आह्वानमा शुक्रबारदेखि सरकारी मेडिकल कलेज र प्रतिष्ठानका आवासीय चिकित्सकले पनि काम रोकेका हुन् ।

» पृष्ठ २ मा क्रमशः

सरकारको स्थायित्वबारे खुलेर बोलेनन् देउवा

काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले सरकारको प्रतिरक्षामा खुलेर बोल्न आनकानी गरेका छन् । थाइल्यान्डमा 'स्वास्थ्य उपचार' सकाएर फर्किएपछि शुक्रबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा संवाददाताहरूले सोधेका दुई प्रश्नमा देउवाले संक्षिप्त जवाफ दिए ।

के अहिलेको सत्तासमीकरणमा खटपट सुरु भएको हो ? पहिलो प्रश्नमा देउवाको जवाफ थियो, 'केही पनि भएको छैन ।' तर, सरकार परिवर्तन हुँदै छ भन्छन् नि ? अर्को प्रश्नमा उनले 'कसले त्यस्तो भन्यो मलाई थाहा छैन' भन्दै जवाफ फर्काएका थिए । प्रमुख विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डले देउवा जानुअघि उनीसँग कुराकानी भएको र फर्किएलगत्तै समीकरण परिवर्तनबारे थप कुराकानी हुने बताएका थिए । त्यसकारण ६ दिने थाइल्यान्ड भ्रमण पूरा गरी शुक्रबार स्वदेश फर्किने क्रममा देउवाको अभिव्यक्तिमाथि सबैको चासो थियो ।

उनीसँगै स्वदेश फर्किएकी परराष्ट्रमन्त्री तथा देउवापत्नी डा. आरजु राणा देउवाले सरकार परिवर्तन नेपालमा मनोरञ्जनका लागि गरिएको हल्ला मात्रै भएको बताइन् । देउवा भ्रमणबाट फर्किएसँगै सरकार परिवर्तनको हल्ला चलेको विषयमा सञ्चारकर्मीले उनीसँग जिज्ञासा राखेका थिए । 'तपाईंले नै भन्नुभयो हल्ला भनेर । यो हल्ला मात्रै हो । योचाहिँ देशमा केही शान्त र सुनसान भयो भने अलिकति मनोरञ्जनका लागि पनि न्युजहरू आउने गर्छ । सरकार परिवर्तन त नेपालभित्रै बसेर गर्नुपर्ने होला, विदेशमा बसेर यहाँको सरकार परिवर्तन हुँदैन । न्युजहरू हेरेर हामी आफैं पनि छक्क पर्‍यौं,' आरजुले भनिन् ।

त्यस्तै, प्रधानमन्त्री केपी ओलीले १४ महिनापछि प्रधानमन्त्री पदबाट राजीनामा दिने बताएका छन् । संसद् भवन परिसरमा शुक्रबार सञ्चारकर्मीले सरकार कहिले ढल्दै छ भनेर सोधेको प्रश्नमा उनले भने, 'अब १४ महिनापछि राजीनामा गर्छु, शेरबहादुरजी प्रधानमन्त्री हुनुहुन्छ ।'

विगो लगत नं. ३६२९।१९९, फाँट :- तहसिल-४, सन्तोष
श्री धनुषा जिल्ला अदालतबाट जारी भएको प्रतिवादी जिल्ला धनुषा क्षीरेश्वरनाथ न.पा. वडा नं.१ मा स्थित अनमोल ब्रदर्स फर्म (PAN / VAT 607001925) को नाउँको १५ (पन्ध्र) दिने सूचना म्याद,

उपरान्त वादी जिल्ला धनुषा जनकपुरधाम उप-महानगरपालिका वडा नं. १ मिल्स एरियामा रजिष्टर्ड कार्यालय रहेको इन्फिनिटी डिष्ट्रीब्युटर्स प्रा. लि. को सञ्चालक अध्यक्ष विनित अग्रवाल तथा संचालक रइसा टिवडेवालको तर्फबाट अख्तियारप्राप्त धनुषा जिल्ला पौडेश्वर वडा नं. ८ हाल परिवर्तित औरही गाउँपालिका वडा नं.१ मा घर भई हाल ऐ.ऐ. कम्पनीमा कार्यरत कर्मचारी सफिद कवारीको छोरा रहमत राइन प्रतिवादी तपाई भएको मुद्दा नं.०७५-CP-२६८७ को वस्तु बिक्री वापतको लेना रकम दिलाई पाउँ मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०७९/०९/२५ गत्तेमा भएको फैसला कार्यान्वयनका कार्यका लागि तपाईको नाउँमा मुलुकी देवानी कार्याविधि संहिता, २०७४ को दफा १०५ को (२२) अनुसार यो तपाईको नाँउको म्याद पत्रिकामा प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित भएको मितिले कानुनका म्याद भित्र आफै उपस्थित हुन आउनु होला वा आफ्नो कानुन ब्यबसायि वा कानुन बमोजिमको वारेस मुकरर गरी यस अदालतमा पठाउनु होला । म्याद भित्र आफै वा आफनो कानुन ब्यबसायी वा कानुन बमोजिमको वारेस उपस्थित हुन नआए कानुन बमोजिम हुनेछापछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

श्री नवोदित ग्रामीण बचत तथा ऋण सहकारी संस्था लिमिटेड
धुनिवेसी नगरपालिका वडा नं. ७, खानीखोला धादिङ्ग
फोन नं. ०१०४०११२३/०१०४०१११५

ऋणको सावाँ व्याज भुक्तानी गर्ने बारेको पुनः १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८२/०१/१३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस सहकारी संस्थावाट अचल सम्पति धितो राखी कर्जा लिनु भएका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले कर्जाको सावाँ व्याज नतीरी नबुझाई लिखित अनुसारको कर्जा सम्बन्धी शर्त उल्लंघन गरेकोले पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा तथा विभिन्न मितिहरुमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुंदा मिति २०८२/१/५ गतेका दिन २०८२/१/११ गते भित्र आफुले लिएको ऋणको सावां, व्याज, बिलम्ब शुल्क र अन्य दस्तुरहरु समेत तिर्न बुझाउन हुन भनी नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ७ सात दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचनाको व्यवास्ता गरी अटेर गरी बस्नु भएको हुदा पुनः यो १५ पन्ध्र दिने सार्वजनिक सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ । अतः मिति २०८२/१/२८ गते कार्यालय समय भित्र आफुले लिएको ऋणको सावां, व्याज, बिलम्ब शुल्क र अन्य दस्तुरहरु समेत तिर्न बुझाउन हुन सम्बन्धीत ऋणी र धितो जमानी दिने व्यक्तिहरु तथा व्यक्तिगत जमानी कर्ताहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम संस्थालाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीहरुले यस संस्थालाई तपसिलमा उल्लेखित धितो दिएका अचल सम्पतिहरु र कथंकदाचित उक्त धितोवाट असुल उपर हुन नसके असुल उपर नभई बांकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारको नाउंमा रहको अन्य चल अचल सम्पति, ऋण लिंदा जमानी दिनेहरुको नाममा रहको वा निजको हकको अन्य चल-अचल सम्पतिहरुवाट सहकारी ऐन २०७४ वमोजिम लिलाम विक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षण दिनुहुने महानुभावहले समेत यसै सूचनालाई आधारमानी कारवाही प्रकया अगाडी बढाई ऋण असुलीमा सहयोग गरिदिन हुन समेत अनुरोध गरिएको छ ।

तपसिल

सि.नं.	ऋणीहरुको नाम, थर र वतन	धितोको विवरण
१	**ऋणी**: श्री सेते तामाङको नातिनी, श्री कृष्ण बहादुर तामाङको छोरी, श्री फुल बहादुर तामाङको श्रीमती धादिङ जिल्ला धुनिवेसी न.पा. वडा नं ६ बानियाटार साविक नौविसे १ बस्ने नागरिकता प्रमाणपत्र नं४३४०५ जारी मिति २०५८/३/२७ धादिङ भएकी बर्ष ४६ की **श्रीमती कल्पना तामाङ ।**	श्री कृष्ण बहादुर तामाङको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे १(क) कि.नं. १३, नौविसे १(घ)कि.नं ५३ र ५२ क्रमश **क्षेत्रफल ०-६-०-२, १-१५-२-२ र २-३-२-१ जग्गाहरु** र लिगलगापात समेत ।
२	**ऋणी**: श्री जेठो सुनारको नाती, जस बहादुर सुनारको छोरा धादिङ जिल्ला थाक्रे गाउंपालिका वडा नं ८, फोगटपुर साविक थाक्रे १ बस्ने नागरिकता प्रमाणपत्र नं ५०३८ (जारी मिति २०६८/८/१८ धादिङ) भएका बर्ष ४४ को **श्री श्यामलाल सुनार ।**	श्यामलाल सुनारको नाममा मा.पो.का. धादिङमा दर्ता कायम रहेको धा.जि. थाक्रे ८ नक्सा थाक्रे ८(घ) कि.नं. ३१६ र ३१७ को **क्षेत्रफल क्रमशः १-३-१-० (६१२.०६ ब.मि) एकरोपनी तिनआना एकपैसा र ०-१५-१-० (४८४.८० ब.मि.) पन्ध्रआना एक पैसा जग्गाहरु** र लिगलगापात समेत ।
३	**ऋणी**: श्री सुन्तले राईको नाती, श्री कृष्ण बहादुर राईको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा. ९, जुगेडी,साविक नौविसे ४ जुगेडी बस्ने नागरिकता प्रमाणपत्र नं: ५८६३ (जारी मिति २०६०/८/२५ धादिङ) भएका बर्ष ३८ का **श्री बिनोद राई ।**	श्रीमती सानुमैया राईको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको नौविसे ५ नौविसे ५ (क) कि.नं ८८७ को **क्षेत्रफल ०-४-०-० चार आना जग्गा** र लिगलगापात समेत ।
४	**ऋणी**: श्री जुठे सुनारको नाती, श्री मंगले सुनारको छोरा धादिङ्ग जिल्ला धुनिवेसी न.पा. ६ सन्यासीटार, साविक नौविसे ९ सन्यासीटार बस्ने नागरिकता प्रमाणपत्र नं: ४।८६३६ (जारी मिति २०४५/१/२९ धादिङ) भएका बर्ष ६५ को **श्री साईलो सुनार ।**	श्री साईलो सुनारको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला धुनिवेसी न.पा.वडा नं ६ साविक नौविसे ९ नक्सा ९(क) कि.नं ५८८ को **क्षेत्रफल ०-६-०-० जग्गा** र विक्रम सुनारको नाममा मा.पो.का धादिङमा दर्ता कायम रहेको नौविसे ९(क) कि.नं ४४८ को **क्षेत्रफल ०-५-०-० जग्गाहरु** र लिगलगापात समेत ।
५	**ऋणी**: श्री सिंगबिर तामाङको नाति, श्री माईला तामाङको छोरा, धादिङ्ग जिल्ला धुनिवेसी न.पा. ७ लिंखु साविक नौविसे ८ बस्ने नागरिकता प्रमाणपत्र नं:४/८१४९/०४४ (जारी मिति २०४५/१/२५ धादिङ) भएका बर्ष ५८ को **श्री माईला तामाङ ।**	श्री माईला तामाङको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला नौविसे ६ नक्सा ६ कि.नं. ८६१ को **क्षेत्रफल १२-४-२-० जग्गा** र लिगलगापात समेत ।
६	**ऋणी**: श्री मान बहादुर श्रेष्ठको नाती, श्री नर बहादुर श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला धुनिवेसी न.पा. ८ खानिखोला साविक नौविसे ६ खानिखोला बस्ने नागरिकता प्रमाणपत्र नं:२७३९ (जारी मिति २०३९/२/१२ काठमाण्डौ) भएका बर्ष ६१ को **श्री सिताराम श्रेष्ठ ।**	श्री सिताराम श्रेष्ठको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला नौविसे ६ नक्सा ६ (क) कि.नं. १६३१ को **क्षेत्रफल ०-७-०-० जग्गा** र लिगलगापात समेत ।
७	**ऋणी**: श्री सत्रुधन तामाङको नाती, श्री सानु तामाङको छोरा धादिङ्ग जिल्ला थाक्रे गाउंपालिका ८ दोंगगाउं साविक थाक्रे ९ बस्ने नागरिकता प्रमाणपत्र नं:१/५५०४३ (जारी मिति २०६९/१/२१ धादिङ) भएका बर्ष २८ को **श्री विष्णु तामाङ ।**	श्री विष्णु तामाङको नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला थाक्रे ९ नक्सा ९(घ) कि.नं. ८९ को **क्षेत्रफल ०-९-०-० जग्गा** र लिगलगापात समेत ।

शिविरमै पठाइयो अमेरिकाबाट फर्काइएका भुटानी शरणार्थी



रिहा भएकालाई आफन्तको जिम्मा लगाइँदै

झापामा **चिरञ्जीवी घिमिरे**

सर्वोच्च अदालतको आदेशपछि चार भुटानी शरणार्थीलाई अध्यागमन कार्यालय काँकडभिट्टाले शिविरमै पठाएको छ । अमेरिकाबाट निष्कासनमा परेपछि भुटान हुँदै नेपाल पुगेर पक्राउ परेका आशिष सुवेदी, रोशन तामाङ, सन्तोष दर्जी र अशोक गुरुङलाई थुनामुक्त गरी शुक्रबार राति दमकस्थित भुटानी शरणार्थी शिविरमा पठाइएको हो । तीमध्ये तीनजना दमकस्थित बेलडाँगीमा रहेको भुटानी शरणार्थी शिविर र गुरुङ पथरी-शनिश्चरेमा रहेको शिविरमा बस्नेछन् ।

बन्दी प्रत्यक्षीकरणको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले बिहीबार मात्र थुनामुक्त गरी ६० दिनभित्र मुद्दा सक्न पनि भनेको थियो । चारजनालाई आफन्तको जिम्मा लगाए पनि शिविरमा नजरबन्दजस्तै छन् । शिविर रहेको स्थानीय तह अर्थात् बेलडाँगीमा बस्ने तीनजनाले दमक नगरपालिका र शनिश्चरे शिविरमा बस्ने गुरुङले पथरी-शनिश्चरे नगरपालिका छाडेर जान नमिल्ने सर्तसहित रिहा गरिएको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख तुलसी भट्टराईले बताए । उनीहरूले हरेक सात दिनमा नजिकैको प्रहरी कार्यालयमा गएर हाजिरी गर्नुपर्नेछ । 'सर्वोच्च अदालतको आदेश र विभागको पत्रअनुसार बुझाएका छौं,' उनले भने, 'विभागले नै पत्रमा सर्तहरू उल्लेख गरेको छ । त्यो पालना गर्नुपर्छ ।'

रिहा भएपछि पक्राउ परेकामध्येका आशिष सुवेदीले हिरासतको कठिन दिनहरूभन्दा आफन्तसँग बस्न पाउँदा खुसी भएको बताए । 'हामीले न्याय पाएका छौं । यसले हाम्रो मुहारमा खुसी ल्याएको छ । नेपालमा मानव अधिकार रहेछ भन्ने देखाएको छ,' उनले भने, 'हामी अमेरिकाबाट दशजना आएका थियौं । अहिले चारजना छौं । अरू भुटानको पारोसम्म सँगै थियौं । बाँकी कहाँ जानुभयो हामीलाई थाहा छैन ।'

तर, अध्यागमन कार्यालयले चारजनालाई रिहा गरे पनि यसले थप अन्योल सिर्जना गरेको भुटानी शरणार्थी बस्ती व्यवस्थापन समिति बेलडाँगीका सचिव सञ्चहाङ सुब्बा बताउँछन् । 'चारजना रिहा हुनुभयो । तर, अब के गर्ने भन्ने केही टुंगो छैन । उहाँहरू अहिले पनि राज्यविहीन हो । उहाँहरूले बस्न पाए पनि उहाँहरूको परिचयचाहिँ के हुन्छ ? यसले हामीलाई चिन्ता थपेको छ,' सुब्बाले भने ।

नेपालबाट अमेरिका पुनर्वास भएका, तर विभिन्न अपराधमा संलग्न रहेको भन्दै अमेरिकाले २५ मार्चमा भुटान नै पठाइदिएको थियो । भुटानले बाटो खर्च दिएर नेपाल पठाएको थियो । अवैध रूपमा नेपाल प्रवेश गरेपछि १६ चैतमा इलाका प्रहरी कार्यालय दमकले तीनजनालाई पक्राउ गरेर अध्यागमन कार्यालय काँकडभिट्टाको जिम्मा लगाएको थियो ।

फिल्डमा किन...

पृष्ठ १ बाट क्रमशः

गत ३१ वैशाखमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशबाट फर्किएका एक युवकलाई सामान्य विवादमै प्रहरीले नियन्त्रणमा लिएर लात्ताले हानेको थियो । युएईबाट बिदामा आएका विवेक ओझालाई प्रहरीले कठालो समातेर नियन्त्रणमा लिई हातपात गरेकोमा प्रहरीको तीव्र आलोचना भयो । सो भिडियो सामाजिक सञ्जालमा फैलिएपछि त्यसमा संलग्न तीन प्रहरीलाई जिम्मेवारीबाट हटाएर काठमाडौं उपत्यका प्रहरी कार्यालयले छानबिन गरिरहेको छ । प्रारम्भिक छानबिनमा त्यसमा प्रहरीको कमजोरी पाइएको छ ।

न्युरोड गेटमा ट्राफिक प्रहरीले भुइँमा लडाएर एक सर्वसाधारणलाई लात्ताले हानेको भिडियो पनि यतिवेला सर्वत्र फैलिएको छ । छानबिनका क्रममा त्यो घटना गत २३ मंसिरको भएको खुलेको छ । स्कुटरमा नियमविपरीत सामान बोकेको विषयमा विवाद बढेपछि उनले त्यसरी कुटेका थिए । सो घटनामा संलग्न ट्राफिक प्रहरी वृत्त जनसेवाका चार ट्राफिक प्रहरीलाई जिम्मेवारीबाट हटाएर छानबिन थालिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी दीपक गिरीले बताए ।

शुक्रबारदेखि सामाजिक सञ्जालमा अर्को एक भिडियो फैलिएको छ । जसमा एक प्रहरी हवल्दारले एक व्यक्तिलाई कुटपिट गरेको देखिन्छ । प्रारम्भिक छानबिनमा त्यो घटना साढे दुई वर्षअघि सोह्रखुट्टेमा भएको प्रहरीले जनाएको छ । त्यसरी कुटपिटमा संलग्न प्रहरी हाल कञ्चनपुरमा कार्यरत छन् । पुरानो घटना भए पनि सार्वजनिक रूपमा प्रश्न उठेपछि यसको पनि छानबिन सुरु भएको छ ।

प्रहरीले सर्वसाधारणमाथि गर्ने दुर्व्यवहारका घटना नौला होइनन् । तर, एकपछि अर्को यस्ता भिडियो पछिल्लो समय सामाजिक सञ्जालमा 'भाइरल' भएपछि प्रहरीलाई आफ्नो छवि जोगाउने चिन्ता बढ्नुका साथै प्रहरीको व्यवहार सुधार्न पनि दबाब थपिएको छ । चार महिनाअघि चितवनमा एक सर्वसाधारणलाई प्रहरीले लात्ताले हानेको भिडियो भाइरल भएपछि प्रहरीको सर्वत्र आलोचना भएको थियो । जसमा संलग्न असइलाई सोही भिडियोकै आधारमा निलम्बन गरिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्ले पछिल्लो समय सार्वजनिक भएका प्रहरीको दुर्व्यवहारसम्बन्धी भिडियो अत्यन्तै गम्भीर प्रकृतिको भएको बताउँछन् । 'यो प्रहरीबाट हुन सक्ने खालको व्यवहार नै होइन,' उनी भन्छन्, 'यस्ता विषयमा अनुसन्धान गरिरहेका छौं, प्रहरीले दोषीलाई कारबाही गरी आफ्नो व्यवहार अविलम्ब सुधार गर्नुपर्छ ।'

नेपाल प्रहरीका प्रवक्ता डिआइजी दिनेश आचार्य प्रहरीबाट भएका हजारौं राम्रा काम बाहिर नआउने, तर एक-दुईवटा नराम्रा घटना बाहिर आउने गरेको बताउँछन् । 'पछिल्लो समय बाहिर आएका भिडियोको अध्ययन गरी सर्वसाधारणमाथि दुर्व्यवहार गर्ने प्रहरीमाथि छानबिनमार्फत कारबाहीको प्रक्रिया चलिरहेको छ,' उनी भन्छन्, 'तर, भिडियोमा एकपक्षीय रूपमा प्रहरीलाई गलत देखाउने प्रयास भइरहेको छ ।' समग्र समाजकै चरित्रलाई हेरेर प्रहरी व्यवहारको मूल्यांकन गर्नुपर्ने उनको भनाइ छ ।

विमानस्थलको घटनामा सुरुमा प्रहरीलाई नै जुत्ताले हिर्काउने प्रयास गरेको तथा न्युरोडमा ट्राफिक प्रहरीमाथि सुरुमा कुटपिट भएको प्रहरीको प्रारम्भिक छानबिनमा देखिएको छ । त्यस्तै, सोह्रखुट्टेको घटनामा गाँजासहित भेटिएका व्यक्ति प्रहरीलाई नै झुक्याएर भाग्न खोजेपछि बल प्रयोग भएको प्रहरी दाबी छ ।

यद्यपि, यी तीनै घटनामा प्रहरीले अनावश्यक बल प्रयोग गरिएको प्रहरी अधिकारी स्विकार्छन् । 'बल प्रयोग गर्ने शैली नै मिलेको देखिएन, यस्तो लात र मुक्का हान्ने होइन, नियन्त्रणमा लिएर हत्कडी लगाउने हो,' एक उच्च प्रहरी अधिकारी भन्छन्, 'यस्तो अवस्थामा कस्तो शैली अपनाउने भन्ने विषयमा तालिमको अभाव देखियो ।'

पूर्वएसएसपी जीवनकुमार श्रेष्ठ फिल्डमा खटिने प्रहरीलाई 'रिफ्रेसर' तालिम अझै बढाउनुपर्ने र सर्वसाधारणसँग गर्ने व्यवहारबारे नियमित ब्रिफिङ गरेर अनुगमन गर्नुपर्ने बताउँछन् । 'खासगरी ट्राफिक प्रहरीलाई कामको अत्यन्तै बोझ हुन्छ, सर्वसाधारणले नियम मिच्दा उनीहरू छिटो रिसाउने गरेका हुन सक्छन्,' उनी भन्छन्, 'यस्तो अवस्थामा कसरी संयमता कायम राख्ने भन्नेमा उनीहरू सचेत हुनुपर्छ । प्रहरी कुटपिटमा लाग्ने होइन, कानुन कारबाहीमा लाग्नुपर्छ ।'

एक प्रहरी अधिकारी तल्लो तहका प्रहरीको क्रोधित व्यवहारको पछाडि उनीहरूको सेवा-सुविधाको समस्यासमेत जोडिएको बताउँछन् । 'प्रहरी कर्मचारी दिनमा १५ घण्टा ड्युटीमा खटिन्छन्, तर परिवार पाल्न पुग्ने सेवा-सुविधा राज्यले दिएको छैन,' ती प्रहरी भन्छन्, 'उनीहरूको व्यक्तिगत तनाव पनि कार्यक्षेत्रमा पोखिने गरेको छ ।'

सरकारी...

पृष्ठ १ बाट क्रमशः

संघले निजी मेडिकल कलेजहरूले सरकारीसरहको निर्वाह भत्ता नदिएको भन्दै देशव्यापी आन्दोलनको घोषणा गरेको थियो । संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले शुक्रबार सरकारी र निजी दुवै अस्पतालको ओपिडी ठप्प भएको बताए । उनले निजी मेडिकल कलेजले सरकारले तोकेको निर्वाह भत्ता नदिएसम्म आन्दोलन जारी रहने बताए । 'जबसम्म निजी मेडिकल कलेजहरूले सरकारले निर्धारण गरेको भत्ता दिँदैनन्, तबसम्म आन्दोलन जारी रहन्छ,' उनले भने । संघले आइतबारदेखि देशभरका सबै ठुला अस्पतालमा ओपिडी सेवा बन्द गर्ने घोषणा गरेको छ । शुक्रबार ओपिडी बन्द गरेर चिकित्सक माइतीघर क्षेत्रमा प्रदर्शनमा उत्रिएका थिए । हाल देशभरका सरकारी र निजी मेडिकल कलेजमा आवासीय चिकित्सक पाँच हजार छन् । उनीहरू सबै आन्दोलनमा छन् । अन्य चिकित्सकको पनि आन्दोलनमा साथ छ ।

बारपाकमा भूकम्प फोटो प्रदर्शनी



गोरखा/ भूकम्पको १० वर्षमा बारपाकमा देखिएको परिवर्तन तथा पुनर्निर्माण गर्दाका चुनौतीलाई फोटोमार्फत प्रस्तुत गरिएको छ । प्रदर्शनीमा फोटो पत्रकार प्रकाशचन्द्र तिमिल्सेनाका भूकम्प गएपछिको बारपाकको आर्थिक अवस्था र सामाजिक भोगाइसँग सम्बन्धित ६० फोटा राखिएका छन् ।

प्रदर्शनीको उद्घाटन माओवादी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरे । प्रचण्डसँगै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, माओवादी नेता नारायणकाजी श्रेष्ठ, बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टलगायतले फोटो प्रदर्शनी अवलोकन गरेका थिए ।

प्रदर्शनी उद्घाटन गर्दै अध्यक्ष प्रचण्डले भूकम्पबाट क्षतिग्रस्त गोरखाका भौतिक संरचनाको बाँकी पुनर्निर्माण सम्पन्न गर्न आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता जनाए । भूकम्पको विपत्तिबाट उठ्न जनताले देखाएको साहस, संयमता र दृढसंकल्प अद्वितीय रहेको उनको भनाइ थियो । पुनर्निर्माणका धेरै काम सम्पन्न भए पनि जनताले अझै शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, पूर्वाधार, रोजगारजस्ता विषयमा चुनौती सामना गरिरहेका उनले उल्लेख गरे ।

प्रदर्शनीमा राखिएका सम्पूर्ण तस्बिर बारपाक सुलिकोट गाउँपालिकालाई हस्तान्तरण गर्ने घोषणा फोटो पत्रकार तिमिल्सेनाले गरे । ती तस्बिर गाउँपालिकाले बारपाकमा निर्माण गरिरहेको भूकम्प संग्रहालयमा राखिनेछ । ०७२ को भूकम्पपछि बारपाक पुगेर त्यहाँको विनाश क्यामेरामा कैद गरेका तिमिल्सेना हरेक वर्षजस्तो त्यहाँ पुगेका थिए । त्यही क्रममा १० वर्षमा त्यहाँ देखिएको परिवर्तनलाई फोटो प्रदर्शनीमार्फत स्थानीय र सरोकारवालालाई देखाउने प्रयास गरेको उनले बताए ।

सरकारले...

पृष्ठ १ बाट क्रमशः

२५ जनाको नामावली तयार पारेको थियो । उक्त सूची सामाजिक सञ्जालमै सार्वजनिक भएको थियो । मन्त्रीले आफ्ना स्वार्थमा दबाब बढाउन निकटलाई समेटेर बेग्लै टोली बनाएपछि वार्तामा नगएको महासंघका अध्यक्ष सुवेदीले बताए ।

'शिक्षा मन्त्रालयबाट सार्वजनिक भएको २५ सदस्यीय नामावली नेपाल शिक्षक महासंघले तयार गरेको होइन,' उनले भने, 'नवनियुक्त मन्त्री रघुजी पन्तसँग औपचारिक भेटका लागि जाने क्रममा थियौं, तर उहाँकै कारण जाने अवस्था भएन, हामीले पठाएको नामावलीअनुसार भित्रबाट बोलाइएन ।' मन्त्री पन्तले आफ्नो रोजाइमा नाम पठाएको महासंघका एक पदाधिकारीले बताए ।

शिक्षकका जायज र संविधानसम्मत माग तत्काल सम्बोधन गर्ने गरी निर्णय गरेर शिक्षकहरूलाई तीन दिनभित्र विद्यालय फर्काउन बिहीबार सर्वोच्च अदालतले सरकारका नाममा अन्तरिम आदेश दिएको थियो । २४ दिनदेखि आन्दोलनमा रहेका शिक्षकका सम्बन्धमा सर्वोच्चले नै आदेश दिएपछि सरकार दबाबमा छ । तर, मन्त्री पन्तले शिक्षक वार्ता टोली नै आफैंले तय गरिदिएपछि पहिलो वार्ता नै भड्किएको छ । पन्तले नाम थपेका केही शिक्षक भने मन्त्रालय पुगेका थिए ।

शिक्षामन्त्री पन्त भने आफू मन्त्रालयमा कुरेर बस्दा पनि शिक्षकहरू वार्तामा नआएको बताउँछन् । 'शिक्षकलाई वार्तामा बोलाएर कुरेर बसेको थिएँ, केही त आउनुभयो, तर अधिकांश गेटमै रोकिनुभयो,' उनले भने, 'मैले सहसचिवलाई नै गेटमा पठाएर ल्याउनु पनि भनेको थिएँ, तर धेरै शिक्षक गेटबाटै फर्किनुभयो ।'

अर्को वार्ता आज बिहानका लागि आह्वान

बिहीबार वार्ता नभएपछि शिक्षा मन्त्रालयले अर्को वार्ता बिहीबार बिहानका लागि आह्वान गरेको छ । विज्ञप्ति जारी गरेर बिहान ७:३० बजे शिक्षकहरूलाई बोलाएको छ । महासंघका अध्यक्ष सुवेदीले आफूहरू वार्तामा गएर नवनियुक्त मन्त्रीलाई मागहरू पेस गर्ने बताए ।

कार्यसूचीमा...

पृष्ठ १ बाट क्रमशः

भएको संशोधनमाथि सैद्धान्तिक छलफल गर्ने कार्यसूची छ ।

तेस्रो बैठकमा नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयकमा सैद्धान्तिक छलफल गर्ने र शिक्षा समितिको प्रतिवेदनसहित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक पारित गर्ने कार्यसूची छ । चौथो बैठकमा तिलगंगा नेत्र विश्वविद्यालय विधेयकमा सैद्धान्तिक छलफल गर्ने, अर्थ समितिको प्रतिवेदनसहित भन्सार विधेयक र कानुन समितिको प्रतिवेदनसहित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पारित गर्ने कार्यसूची छ ।

१९ वैशाखमा बस्ने पाँचौं बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यसूची छ । छैटौं, सातौं, आठौं, नवौं, दसौं बैठकमा नीति तथा कार्यक्रममाथि छलफल हुनेछ भने एघारौं बैठकमा प्रधानमन्त्रीले जवाफ दिएर पारित गर्ने कार्यसूची छ । २८ वैशाखमा बस्ने एघारौं बैठकमै बजेटको सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) प्रस्तुत गरिनेछ । ३० वैशाखको बाह्रौं र ३१ मा बस्ने तेह्रौं बैठकमा प्रिबजेट छलफल चल्ने कार्यसूची छ ।

राष्ट्रिय सभातर्फ संवैधानिक परिषद्सम्बन्धी विधेयकमा सैद्धान्तिक छलफल गरेर प्रक्रियामा लैजाने कार्यसूची छ । पर्यटन विधेयक सभामा पेस गर्ने कार्यसूची छ । यसका अलावा नीति तथा कार्यक्रममा छलफल गरेर पारित गर्ने कार्यतालिका राष्ट्रिय सभाको छ । प्रतिनिधिसभा बैठकमा दलका नेताहरूले अधिवेशनको प्रारम्भको अवसरमा मन्तव्य राखेका छन् । राष्ट्रिय सभा बैठक शोक प्रस्ताव पारित गरेर आइतबारसम्मका लागि स्थगित भएको छ । अधिवेशनको शुभारम्भ गर्दै सभामुख देवराज घिमिरेले असन्तुष्टिका आवाजलाई सम्बोधन गर्न यथासम्भव कानुन बनाउन अपिल गरेका छन् ।

संसद्को पहिलो दिन : कुन पार्टीका सांसदले के भने ?

प्रमुख राजनीतिक दलका सांसदहरूले बजेट अधिवेशनमा पनि कानुन निर्माणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन् । संसद् अधिवेशनको प्रारम्भमा आफ्ना मन्तव्य राख्दै प्रमुख दलका सांसदहरूले कानुन निर्माणलाई गति दिनुपर्नेसमेत बताए ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले विधेयक प्रस्तुतिमा सरकारले र उक्त विधेयकलाई परिमार्जनसहित पारित गराई कानुनको रूप दिने काममा संसद्ले तदारुकता देखाउनुपर्ने बताए । 'एउटै विधेयक वर्षौंसम्म संसद्मा अल्झिराख्ने परम्पराको अन्त्य हुनैपर्दछ । एउटा विधेयक संसद्मा टेबुल भएको कति दिनभित्रमा पारित भइसक्नुपर्ने हो, त्यसको स्पष्टता पनि अब आवश्यक छ,' उनले भने । घिमिरेले एउटा विधेयक संसद्मा टेबुल भएको ६ महिनाभित्रमा कानुनको स्वरूप धारण गरिसक्नुपर्ने व्यवस्था गर्न जरुरी रहेको औंल्याए । शिक्षक आन्दोलन, कर्मचारीको चेतावनी, चिकित्सकहरूको आन्दोलनलगायत आजका धेरै समस्या विधि निर्माणमा भएको ढिलाइको कारण उत्पन्न भएको उल्लेख गर्दै घिमिरेले थपे, 'त्यसैले विधि निर्माणको प्रक्रियालाई निश्चित समयसीमाभित्र ढालेनौं भने समस्याको चाङ बढ्दै जान्छ, हामी अप्ठ्यारोमा फस्दै जान्छौं ।'

एमाले सचिव गोकर्ण विष्टले अधिवेशनलाई जनताका अपेक्षा, हित पूरा गर्ने, संविधान कार्यान्वयन र लोकतान्त्रिक अभ्यास सबल बनाउनेतर्फ केन्द्रित गर्नुपर्ने बताए । 'असहमति र विरोधलाई संवैधानिक सीमाभित्र राख्ने र संवादमार्फत सम्बोधन गरेर अधिवेशनलाई अधिकतम परिणाममुखी बनाउनुपर्छ,' उनले भने ।

माओवादी उपमहासचिव वर्षमान पुनले बर्खे अधिवेशन कानुन निर्माणमा केन्द्रित हुनुपर्ने बताए । 'तीन साताभन्दा बढीदेखि सडकमा आवाज उठाइरहेका शिक्षकहरूको माग सम्बोधन गर्ने गरी विधेयक पारित गर्नु यो अधिवेशनको दायित्व हुनेछ,' उनले भने, 'संघीयता कार्यान्वयनसँग सम्बन्धित प्रहरी समायोजन, निजामती सेवासहित लामो समयदेखि रोकिएर बसेका दर्जनौं ऐन ल्याउन संसद् सफल हुनेछ ।' कांग्रेसकै महामन्त्रीले बिचौलियाहरूको पहुँच प्रधानमन्त्रीको बेडरुमसम्मै छ भनेको र सरकारका १० महिनाको गतिविधि हेर्दा आफूहरूले भनेजस्तै यो सरकार स्वार्थ समूह र बिचौलियाले बनाएको पुष्टि भएको उनले टिप्पणी गरे ।

रास्वपा उपसभापति डिपी अर्यालले यो अधिवेशनलाई सन्तुलित बजेट निर्माण, शिक्षा र निजामती विधेयकमा तीव्र गतिमा अगाडि बढाउन केन्द्रित गर्नुपर्ने बताए । 'आरोप-प्रत्यारोप र अंकगणितको प्रदर्शन होइन । विपक्षीको जायज मुद्दा नसुन्ने प्रवृत्तिको निरन्तरता होइन । राष्ट्रिय समस्या पहिचान र समाधान तथा नागरिकका आकांक्षा सम्बोधनमा संसद्मा रहेका दलबिच खुला छलफल गर्ने वातावरण निर्माण गर्नुपर्नेछ,' उनले भने ।

संसद्मै...

पृष्ठ १ बाट क्रमशः

छल्दै हिँडेकी राई १८ माघदेखि १९ चैतसम्म २७ वटा बैठक चलेको हिउँदे अधिवेशनमा एक दिन पनि उपस्थित भइनन् । राईले अनुपस्थितिको सूचना पनि दिइनन् ।

अधिवेशन सकिएको भोलिपल्ट संविधान र नियमावलीविपरीत पद जोगाउन संसद् सचिवालयको कार्यव्यवस्था तथा परामर्श महाशाखामा बिरामी रहेको भनेर अनुपस्थितिको सूचना दिएकी थिइन् । अग्रिम सूचना नदिई लगातार १० वटा बैठकमा अनुपस्थित भए स्थान रिक्त हुने संविधानको धारा ८९ (घ)अनुसार राईलाई पदमुक्त गर्नुपर्नेमा सरकार र सभामुखको योजनामा पद जोगाउनका लागि संसद्मा उपस्थित गराई हाजिर गराइएको एक पदाधिकारीले बताए ।

'पहिलो सहकारी ठगीमा फरार हुनुहुन्छ । गृह प्रशासनकै संरक्षणमा उहाँलाई संसद्मा उपस्थित गराइयो,' ती पदाधिकारीले भने, 'दोस्रो उहाँ सूचना नदिएर १० भन्दा बढी बैठकमा अनुपस्थित हुनुभएको छ । यो भनेको स्थान रिक्तताको अवस्था हो । सरकारले गिरफ्तार नगरेको र सभामुखले स्थान रिक्तताको सूचना नटाँसेका वेला उच्च तहकै संरक्षणमा पद जोगाउन हाजिर गराइयो । कानुन बनाउने ठाउँमै विधिको उल्लंघन भयो ।'

यसअघि फरार अवस्थामा एमाले सांसद लक्ष्मी कोइरी महतो संसद्मा उपस्थित हुँदा चर्को विरोध भएको थियो । फरार अवस्थामा कोइरीको बिरामी बिदा स्वीकृत गराउँदा विपक्षीले सदनमै विरोध गरेका थिए । यद्यपि, कोइरीले पछि अभियोगबाट सफाइ पाएका थिए । अहिले कांग्रेस सांसद राई पनि राज्यकै संरक्षणमा सुटुक्क उपस्थित भई हाजिर गरेर हिँडेकी हुन् ।

त्यस्तै, नवलपुरको कावासोतीको छिपछिपे उपभोक्ता सहकारी संस्थाको १६ करोड ६९ लाख बचत अपचलनमा राप्रपा सांसद गीता बस्नेतविरुद्ध एक वर्षअघि नै पक्राउ पुर्जी जारी भए पनि प्रहरीले नियन्त्रणमा लिएको छैन । १२ महिनादेखि संसद्मा अनुपस्थित राईको दुईपटक बिरामी बिदा स्वीकृत गरिदिएर सभामुख देवराज घिमिरेले पद जोगाइदिएका छन् ।

माया राईलाई...

पृष्ठ १ बाट क्रमशः

प्रहरी अनुसन्धानका क्रममा सहकारीमा गरेका निर्णयका माइन्युट भेटिएका छन् । ऋण प्रवाह गर्नेलगायत निर्णयमा सांसद राईको हस्ताक्षर भेटिएको स्रोत बताउँछ । उनी दुई कार्यकाल स्वर्णलक्ष्मीको सञ्चालक समितिमा बसेकी थिइन् । जिल्ला प्रहरी परिसर, काठमाडौंका एक अधिकारीका अनुसार सहकारीका माइन्युट र संसद्मा उनले गरेको हस्ताक्षरसमेत 'म्याच' भइसकेको छ ।


गितेन्द्रबाबु (जिबी) राईले सञ्चालन गरेको सो सहकारीमा सर्वसाधारणको दुई अर्ब ६५ करोड हिनामिना भएको प्रहरी अनुसन्धानमा खुलेको छ । सर्वसाधारणको जाहेरीका आधारमा एक अर्ब १९ करोड रुपैयाँबराबरको बिगो कायम गरी मुद्दा दायर भएको थियो । भोजपुर घर भएकी राईको जिबी राईसँग निकटता थियो । सोही आधारमा उनी सहकारीको सञ्चालक बनेकी थिइन् ।

आर्थिक वर्ष ०७३/७४ मा उनी सदस्य हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, जिबी राई सचिव, सविना आलेमगर कोषाध्यक्ष तथा यामकुमार नाल्बो, राजु बराल र राई सदस्य थिए । पछि ०७४/७५ देखि ०७५/७६ मा उनी सहसचिव हुँदा कल्पनाकुमारी श्रेष्ठ अध्यक्ष, देवेन्द्रबाबु राई उपाध्यक्ष, दीपक लामा सचिव, रविना आलेमगर कोषाध्यक्ष तथा भक्तबहादुर भ्लोन र प्रदीप लामा सदस्य थिए । त्यतिवेलादेखि नै गैरकानुनी रूपमा कर्जा प्रवाह हुँदा सहकारी धराशयी भएको अनुसन्धानमा देखिए पनि अन्य सञ्चालकलाई मुद्दा चलाउँदा राईलाई भने अनुसन्धानबाहिरै राखिएको थियो । प्रारम्भिक अनुसन्धानमा उनको संलग्नता देखिएपछि प्रहरीले अदालतबाट पक्राउ पुर्जी लिएको थियो ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १३ वैशाख ०८२
nayapatrikaofficial @nayapa trika

सर्जकलाई डर लाग्छ !

हिजो चुनौती थियो । अहिले संगीत सिर्जना गर्न सजिलो छ । मेरा पुराना गीतहरू नयाँ फ्लेबरमा बनाउँछु भनेर सोच्यो, पहिले नै अर्कैले बनाइसकेको हुन्छ । अचेल बजारमा म आफैँ सेकेन्ड हुन्छु भन्ने डर लाग्छ ।



सिर्जना



● शम्भुजित बास्कोटा
संगीतकार

त्यसवेला लोकदोहोरी गीत पनि खासै बज्दैनथे । मैले 'कसम' चलचित्रमा 'वनमा फुल्यो फूल...' गीतमा संगीत भरैं । निकै हिट भयो । वनमा फुल्यो फूलपछि 'बाँझो खेतमा...' गीत बनाएँ । यो गीत पनि निकै हिट भयो । त्यसपछि लोकदोहोरी गीतहरू सिनेमामा राख्न थालियो ।

रेडियो नेपालले दिएको त्यो २० रुपैयाँ

मैले २०२८ मा रेडियो नेपालबाट स्वर परीक्षा पास गरेको हुँ । त्यसवेला गीत रेकर्ड गर्न अनिवार्य रूपमा स्वर परीक्षा पास गर्नैपर्थ्यो । तर, गीत रेकर्ड गर्न पनि रेडियो नेपालको स्टुडियोमा समय पाउन सहज थिएन । मैले एउटा गीत सिर्जना गरेको थिएँ, तर रेकर्ड हुन बाँकी थियो । रेडियो नेपालमा ६-६ महिनामा मात्रै 'डेट' पाइन्थ्यो । 'भ्वाइस टेस्ट' पास गरेका गायक-गायिका पनि कुन संगीतकारसँग गीत लिने होला भन्ने चिन्तामा हुन्थे । रेडियो नेपालमा 'डेट' पाउन संगीत चल्नैपर्थ्यो ।

गायक विके राना स्वर परीक्षा पास गरेर बसेका रहेछन् । त्यसवेला उनी गायकको रूपमा परिचित थिएनन् । उनीसँग मेरो भेट भयो । उनले एउटा गीत गुनगुनाए, मलाई आवाज मिठो लाग्यो । रेडियो नेपालमा गीत गाउन उनले 'डेट' पाएका रहेछन् । मैले पनि उनैलाई गीत गाउन लगाउने निधो गरैं । गीतको बोल थियो, 'बोलौं भने उनी त बोल्दिनन्, नबोलाउन म माया पाउँदिन...।' यो गीत रेडियो नेपालमा बज्न थाल्यो । गीतलाई श्रोताहरूले अत्यधिक रुचाए । त्यसपछि रेडियो नेपालमा फर्माइस आउन थाल्यो । गीत सुनेपछि रेडियो नेपालका अग्रज गायक तथा संगीतकारले मेरो तारिफ गरेका थिए । यो गीतले विके रानालाई निकै परिचित बनायो । मलाई पनि गीत-संगीतमा लाग्न थप ऊर्जा मिल्यो ।

बिस्तारै-बिस्तारै गीत-संगीतका साथीभाइसँग मेरो भेटघाट बाक्लिन थाल्यो । म गीत लेख्थैं, गाउँथैं र संगीत पनि आफैं सिर्जना गर्थैं । त्यसवेला गाउने ठाउँ रेडियो नेपाल मात्रै थियो । तर, गीत गाउन निकै कठिन हुन्थ्यो । ०३०/३१ तिरको कुरा हो । 'कुन सहरमा छौ मायालु...' र 'यो कान्छी छोडेर जान्छे ...' गरेर मसँग दुइटा गीत थिए । यसमा मेरो आफ्नै शब्द, संगीत र स्वर छ । 'यो कान्छी छाडेर जान्छे' निकै चल्यो । यो गीत गाउँदा २० रुपैयाँ पारिश्रमिक पाएको थिएँ । त्यसवेला २० रुपैयाँ हाम्रा लागि ठुलो पैसा थियो । रेडियो नेपालले गीत तयार भएपछि गायक, संगीतकार र रचनाकारलाई २०-२० रुपैयाँ दिन्थ्यो ।

गीत चलेपछि रेडियो नेपालमा मेराविरुद्ध चलखेल भयो

२०३३ तिरको कुरा हो । आधुनिक संगीत गरिरहेको थिएँ । 'तिम्रो त्यो हँसिलो मुहारले...' गीत तयार गरेको थिएँ । तर, कसलाई गाउन लगाउने भन्नेमा सोचमग्न थिएँ । चलेका गायकलाई गाउन लगाउने आँट थिएन । एकदिन राष्ट्रिय नाचघरमा दीपक खरेलसँग भेट भयो । उहाँले एउटा गीत गाइसक्नुभएको थियो । उहाँको आवाज मलाई मन परेको थियो । दुवैबिच सहकार्य गर्ने सल्लाह भयो । रेकर्ड भएको केही दिनमै गीत रेडियोमा बज्न थाल्यो । रेडियो नेपालमा गीतको अत्यधिक फर्माइस आउन थाल्यो । गीतको धेरै फर्माइस आउन थालेपछि रेडियो नेपालमा मविरुद्ध धेरै चलखेल भयो । मेरो आगमन धेरैलाई मन परेको थिएन । सयौँपटक गीतको कार्टिस मेटिए पनि मेरो गीत चल्यो ।

त्यसलगतै 'पूर्णिमाको रात पनि कुन पापीले...' भन्ने रेकर्ड गराएँ । यो गीत पनि निकै लोकप्रिय भयो । त्यसपछि 'बादल बनाइदियौ...' आयो । यो गीतले अर्को तहल्का पिट्यो । 'तिम्रो हर प्रश्नको जवाफ...' आयो । यो गीत पनि निकै चल्यो । त्यसपछि 'प्रतीक्षा गर मेरी मायालु ....' गीत अत्यधिक रुचाइयो । त्यसपछि रेडियो नेपालको चलखेलले पनि मलाई रोक्न सकेन ।

मेरो एकपछि अर्को गीत हिट हुन थाल्यो । मेरो संगीतमा दीपक खरेलले गाएका धेरै गीत हिट भए । गायक प्रकाश श्रेष्ठले गाएका गीत पनि हिट भए । त्यसवेला प्रकाश श्रेष्ठ वीरगन्ज बस्नुहुन्थ्यो । उहाँलाई बोलाएर गीत रेकर्ड गरिन्थ्यो । मैले उहाँलाई रेडियो नेपालभित्र गीत गाउन लगाएँ । 'छेकेर छेकिँदैन हिमालका टाकुरा...' उहाँले गाएको पहिलो गीत नै हिट भयो । त्यसपछि 'भ्वाइस टेस्ट' पास गरेर बसेका गायक-गायिक मसँग गीत माग्न आउन थाल्नुभयो ।

'तिम्रो त्यो हँसिलो मुहारले... ' ले मलाई आधुनिक गीत-संगीतमा प्रवेश गरायो । त्यसपछि म आधुनिक गीतमै रम्न थालैं । संगीतमा मेरो नशा बस्यो । गायक अनुप जलौटाले गाएको गीत 'जिन्दगी खोलाजस्तै बगिरहेछ...' भनेजस्तै मेरो सांगीतिक जिन्दगी पनि बगिरहेछ । त्यसवेला मलाई आधुनिक गीत-संगीतमा प्रवेश गर्न सजिलो थिएन । अम्बर गुरुङ, गोपाल योञ्जन, नातिकाजीजस्ता प्रभावशाली गायक-संगीतकार हुनुहुन्थ्यो । त्यो भिडमा मलाई निकै चुनौती थियो । तर, कहिल्यै थाकिनँ ।

मेरो गीतमा गाउँबस्तीका भावना हुन्थे

०४० को दशकतिर आइपुग्दा नेपालमा चलचित्र बन्ने क्रमले तीव्रता पायो । त्यसपछि मैले सिनेमामा संगीत दिन थालैं । ०४६ पछि सिनेमा क्षेत्र खुला भयो । धेरै सिनेमा बने । ०४२/४३ मा 'माया' सिनेमामा संगीत गरेको थिएँ । लोकशैलीका गीत सिनेमामा समावेश गर्न थालैं ।

त्यसवेला लोकदोहोरी गीत पनि खासै बज्दैनथे । मैले 'कसम' चलचित्रमा 'वनमा फुल्यो फूल...' गीतमा संगीत भरैं । निकै हिट भयो । वनमा फुल्यो फूलपछि 'बाँझो खेतमा...' गीत बनाएँ । यो गीत पनि निकै हिट भयो । त्यसपछि लोकदोहोरी गीतहरू सिनेमामा राख्न थालियो ।

मेरो गीत-संगीतमा आममान्छेका कथा हुन्थ्यो । श्रोता-दर्शकले मेरै भावना हो कि भन्ने महसुस गर्न थाले । नाच्न र गाउन बनाइदिएको हो कि भन्ने सबैको धारणा थियो । हरेक समुदायको भाका, शब्द, स्थानीय संस्कृतिलाई गीतमा राख्न थालैं । जनजातिको भाषाको शब्द पनि गीतमा प्रयोग गर्थैं । हरेक समुदायलाई सत्कार गरेर सिर्जना गर्थैं । मेरो गीतमा सबै चिज मिसिन्थ्यो । गाउँबस्तीका भाका आउँथे । म सिर्जनाअधि अध्ययन गर्थैं । कुनै ठाउँको संगीत सिर्जना गर्दा त्यहाँको शैली बुझ्थैं । भाषा र शैली बुझेर मात्रै गीत बनाउँथैं । मैले हिमालका गीत पनि बनाएको छु ।

अनि बन्यो नेपालमा पहिलोपटक म्युजिक भिडियो

०४२/४३ को कुरा हो । त्यसवेला भर्खरभर्खर नेपाल टेलिभिजन स्थापना भएको थियो । त्यसवेला रेडियो नेपालमा मिठा गीत बज्थे । तर, भिडियोमा हेर्न पाइँदैनथ्यो । मैले गीतको अडियोसँग मिलाएर फूल र हिमालका तस्बिर राखेर टेलिजिनमा प्रसारण गर्थैं । यसरी पनि गीत बजाउन मिल्ने रहेछ भन्ने लाग्यो । त्यसरी बनाएको गीत सबैले मन पराउन थाले । गीतलाई दृश्यमा पनि ल्याउनुपर्छ भन्ने लाग्यो । त्यसअघि नेपालमा कुनै पनि गीतको म्युजिक भिडियो बनेको थिएन । मेरो संगीत, विजय उदयका शब्द र भुवन केसीको स्वरमा गीत तयार भयो । गीत बोल ' मायालु तिमी टाढा हुनाले...' थियो, जसको भिडियो मा भुवन केसीले अभिनय गरे ।

म नेपाल टेलिभिजनमा 'संगीत संगम' नामक कार्यक्रम सञ्चालन गर्थैं । संगीत क्षेत्रमा आबद्ध व्यक्तित्वका रेकर्डिङ स्टुडियोमा लिप्सिङ गराएर भिडियो बनाउँथैं । यही क्रममा टेलिभिजनमा भिडियो बनाउने सोच बनाएँ । हामीसँग टेलिभिजनको 'थ्री ट्युब' क्यामेरा थियो । तीन-चार घण्टामा छायांकन सकियो । गीत टेलिभिजनमा प्रसारण भयो । नेपालमा म्युजिक भिडियोको सुरुवात यसले नै गरेको थियो ।

टेलिभिजनले निश्चित बजेट छुट्याएको हुन्थ्यो । त्यही बजेटमा म्युजिक भिडियो बनाउनुपर्थ्यो । म्युजिक भिडियोका लागि धेरै लगानी हुँदैनथ्यो । तर, त्यसवेला मैले दिनमा दुई-तीनवटा म्युजिक भिडियो बनाएको थिएँ । त्यसपछि टेलिभिजनमा म्युजिक भिडियो प्रसारण हुन थाल्यो । मैले 'कान्छीलाई घुमाउने काठमाडौं सहर...' गीतको भिडियो पनि निर्देशन गरैं । यो गीत पनि निकै रुचाइयो ।

त्यसवेला संगीतको माया र सम्मान हुन्थ्यो

मैले अग्रजहरूसँग पनि संगीत सहकार्य गर्ने अवसर पाएँ । भक्तराज आचार्य दाइ र म समकालीन हौं । उहाँले मैलेभन्दा पछि गाउनुभयो । उहाँले मेरो एउटा गीत सुक्मित गुरुङसँग गाउनुभएको छ । दोस्रो पुस्ताका नारायण गोपाल, फत्तेमान, प्रेमध्वज प्रधान, योगेश वैद्य, तारादेवी, रेशम ताम्राकार, प्रकाश श्रेष्ठ, दीपक खरेल, मदनकृष्ण श्रेष्ठ, उमेश पाण्डेलगायतले मेरो संगीतमा गीत गाउनुभएको छ । तेस्रो पुस्ताका राजेशपायल राई, रामकृष्ण ढकाल, यम बराल, आनन्द कार्की, देविका बन्दना, लोचन भट्टराई, सपना श्री, तारा थापा, मञ्जु थापा, नवीन के भट्टराईलगायतले मेरो गीत गएका छन् । सत्य-स्वरूप, मिलन नेवार हुँदै नयाँ पुस्ताका रचना रिमाल, निशान भट्टराई, अस्मिता अधिकारीसम्मले मेरो संगीतमा गाएका छन् । किरण खरेल, यादव खरेल, विश्वम्भर प्याकुरेल, निर शाह, दिनेश अधिकारी, कृष्णहरि बराल, राजेन्द्र रिमाललगायत धेरैको गीतमा संगीत गरेको छु ।

मेरो जीवनमा संगीतमा सयथरी स्वर बनेर माला बनेको छ । अग्रजदेखि नयाँ पुस्ताका गायक/गायिकाको मेरो संगीतमा माला भरिएको छ । हिजो अग्रजसँगको सहकार्य बेग्लै हुन्थ्यो । त्यसवेला आफ्नो कामको मूल्यांकन गरिन्थ्यो । काम गरेपछि एकै ठाउँमा बसेर सल्लाह गरिन्थ्यो । गीतमाथि छलफल गरिन्थ्यो । गीत रेकर्डपछि छलफल गर्थ्यौं । भेटेर गरेको सल्लाह बेग्लै हुन्थ्यो । त्यो वेलाको सहकार्य आत्मीयतामा हुन्थ्यो । अग्रज र नयाँबिच संस्कार हुन्थ्यो । संगीतको आदर सत्कार हुन्थ्यो । संगीतको माया र सम्मान हुन्थ्यो । कसैको गीत हिट हुँदा शुभकाना र बधाई दिने चलन हुन्थ्यो । गीतको वर्णन गरिन्थ्यो । एक-अर्कालाई गीत गाएर सुनाइन्थ्यो । गीत जनतालाई मन पर्छ-पर्दैन भन्नेबारे छलफल हुन्थ्यो । त्यसवेला साँच्चै संगीतका लागि खुला वातावरण थियो ।

अहिले त गीत 'हिट' भयो, 'भाइरल' भयो भन्ने मात्रै हुन्छ

अहिलेका गायक-गायिकालाई धेरै सजिलो भएको छ । हिजो अहिलेजस्तो भाइरल हुनु थिएन कसैलाई । युट्युबबाट आफूलाई भयंकर ठान्ने समय थिएन । 'भ्वाइस' नभए पनि डिजिटल 'भ्वाइस' बनाएर, ट्युनरमा राखेर गीत बन्दैनथे । शुद्ध गीत बन्थ्यो । गीतको कम्पोजिसन, शब्द, गायनको राम्रो मिश्रण हुन्थ्यो । एरेन्ज रेडियो नेपालभित्रै हुन्थ्यो । किबोर्डमा कुनै प्रोग्रामिङ गरेर गरिँदैनथ्यो । लाइभ बजाइन्थ्यो । त्यसरी सिर्जना गरेको गीतलाई आममान्छेहरूले मन पराइदिनुहुन्थ्यो । अहिले त गीत 'हिट' भयो, 'भाइरल' भयो भन्ने मात्रै हुन्छ ।

माया र प्रशंसाको नशाले संगीतमै जीवन अर्पण

सफलता र जनताको माया गज्जबको चिज हुँदो रहेछ । माया र प्रशंसाभन्दा ठुलो नशा कुनै नहुँदो रहेछ । त्यो नशाले एक-दुईवटा गीत गर्छु । सौख पूरा गर्छु भनेर गीत गाएको थिएँ । तर, गीत-संगीतबाट भाग्न सकिनँ । मलाई संगीतले शम्भुजित बनायो । मैले आफ्नो मौलिकता कहिल्यै छोडिनँ । मैले प्रतिस्पर्धा गर्ने समय नै पाइनँ । श्रोताले मलाई त्यो मौका दिएनन् । हिजो मलाई चुनौती थियो । अहिले त्यस्तो अवस्था छैन । संगीत सिर्जना गर्न सजिलो छ । मेरा पुराना गीतहरू नयाँ फ्लेबरमा बनाउँछु भनेर सोच्यो, पहिले नै अर्कैले बनाइसकेको हुन्छ । अचेल बजारमा म आफैं सेकेन्ड हुन्छु भन्ने डर लाग्छ । त्यतिबेलाको अर्ग्यानिक, मौलिकता र वातावरणीय सुन्दरता बेग्लै थियो । अहिलेको विकासको बेग्लै रमाइलो छ । त्यो वेला रेडियो नेपाल पुग्नुपर्थ्यो । मन परेको गीत सुन्न फर्माइस नै गर्नुपर्थ्यो । क्यासेट खोज्नुपर्ने समय थियो । अहिले क्यासेट बनाएर श्रोता-दर्शककहाँ पुऱ्याउने भन्ने चिन्ता हट्यो । न गीत सुन्न क्यासेट किन्नुपर्छ, न त कसैको फर्माइस नै कुर्नुपर्छ ।

अहिलेको पुस्ताले 'युज एन्ड थ्रो' खालको सिर्जना नगरोस्

अहिलेको पुस्ताले संयमता अपनाउनुपर्छ । नयाँ पुस्ताले धुन बजाउँदा नेपाली लागोस् वा मेरो आफ्नो होस् । संसारको कुनै कपिराइटमा गए पनि मेरो लागोस् भन्ने खालको सिर्जना गर्नुपऱ्यो । अलि-अलि छिमेकतिरको बास्ना आइहाल्छ । खाना पकाउँदा पनि एउटै हुँदैन । पूर्वका भाका पश्चिमतिर पुगेको हुन्छ । त्योचाहिँ नेपालीको हो । हामी कला-संस्कृतिमा धनी छौं । विभिन्न भाषा-संस्कृति छ । जनजातिको आफ्नै भाषा-संस्कृति छ । मौलिकता छ । तर, अहिलेको पुस्ताले युज एन्ड थ्रो खालको काम नगरौं भन्छु । दीर्घकालीन सोचेर संगीत सिर्जना गरौं ।

हिजो गीत रेकर्ड गर्ने एकस्टिक प्रविधि बेग्लै किसिमले डिजाइन भएको थियो । बाजाको प्राकृतिक र आवाजको प्राकृतिक स्वरूपलाई लिएर रेकर्ड हुन्थ्यो । त्यसको बेग्लै किसिमको मज्जा थियो । म बम्बईमा एकस्टिकमै गीत रेकर्ड गर्थैं । केहीको मात्रै डिजिटलाइज भयो । हिजो त्यसरी गीत बन्थे । हिजो उपकरण थियो, त्यो उपकरण प्राकृतिक थियो । तर, आजको उपकरण अप्राकृतिक बनेको छ । आजको संगीत आप्राकृतिक बढी देखिन्छ । एआईलाई कसरी प्राकृतिक भन्न मिल्छ ? आज गीत-संगीत डिजिटालाइज भइसक्यो । कतिपयको आवाजलाई ट्युनरले ठिक पार्छ । बाजालाई पनि सुर दिन्छ । अहिले मान्छेको सिर्जनालाई थेरै भए पनि अप्राकृतिक बनाइदिएको छ । जसले गर्दा कलात्मक पक्ष कमजोर बन्न पुगेको छ ।

नयाँ पुस्ताले गीत-संगीत पढ्न थालेका छन् । संगीतलाई गम्भीर रूपमा लिन थालेका छन् । तर, तुरुन्तै भाइरल पनि हुनुपरेको छ । तुरुन्तै गीत गाउनुपरेको छ, तुरुन्तै चर्चित हुनुपरेको छ । अहिले समय नै भाइरलको आयो । अहिले गीत-संगीत इजी एक्जिट भएको छ । गीतकार, गायक, गायिकालाई प्रविधिले सजिलो बनाइदिएको छ । भारतमा अग्रज गायक-गायिकाले गीत गाइरहँदा पनि डिजिटल आइसकेको थियो । भारतमा आशा भोसले, लता मंगेसकरले डिजिटल आइसकेपछि पनि गीत गाउनुभयो । हामीले अहिलेको प्रविधिलाई मान्नुपर्छ । तर, प्रविधिलाई प्रयोग गर्न जान्नुपर्छ । वैज्ञानिकहरूले अध्ययन अनुसन्धान गरेर चन्द्रमा मान्छे पठाउँछन् । उनीहरूले कति मिहिनेत गर्नुपर्छ होला ? संगीतका साधकले पनि उत्तिकै मिहिनेत गर्नुपर्छ ।

(**पवन बराइली**सँगको कुराकानीमा आधारित)


हिजो अहिलेजस्तो भाइरल हुनु थिएन कसैलाई । युट्युबबाट आफूलाई भयंकर ठान्ने समय थिएन । 'भ्वाइस' नभए पनि डिजिटल 'भ्वाइस' बनाएर, ट्युनरमा राखेर गीत बन्दैनथे । शुद्ध गीत बन्थ्यो । गीतको कम्पोजिसन, शब्द र गायनको राम्रो मिश्रण हुन्थ्यो । एरेन्ज रेडियो नेपालभित्रै हुन्थ्यो । किबोर्डमा कुनै प्रोग्रामिङ गरेर गरिँदैनथ्यो । लाइभ बजाइन्थ्यो । त्यसरी सिर्जना गरेको गीतलाई आममान्छेहरूले मन पराइदिनुहुन्थ्यो । अहिले त गीत 'हिट' भयो, 'भाइरल' भयो भन्ने मात्रै हुन्छ ।

कवि केशव सिलवाललाई


मन परेका सात पुस्तक



पुस्तकलाई तीन भागमा वर्गीकरण गरेर पढ्ने गरेको छु। समाज, विश्व दृष्टिकोण, विश्व इतिहास, घटना र विश्लेषणका पुस्तक पढ्ने गरेको छु। समाचार पढ्दा घटनाहरू मात्रै बुझ्छौं। घटनाका विश्लेषण बुझ्न पुस्तक पढ्नैपर्छ। यस्तै आर्थिक, सामाजिक, सांस्कृतिक र मानव इतिहासदेखि वर्तमानसम्म जोडिएका विषयबारे लेखिएका पुस्तक पनि मेरो रोजाइमा पर्छन्। यस्तै, नेपालसम्बन्धी इतिहास र वर्तमानबारे बुझ्न पनि पढ्ने गरेको छु। साहित्यका पुस्तक पनि पढ्छु। साहित्यले मानिसको चेतनाको स्तर वृद्धि गर्न सघाउ पुऱ्याउने हुनाले साहित्यिक पुस्तक पढ्न आवश्यक छ।




रि ओरियन्ट : ग्लोबल इकोनोमी इन दी एसियन एज : यो पुस्तक जर्मन अमेरिकन समाजशास्त्री एजी फ्रयांकले लेखेका हुन्। युरोप विकसित हुनुअघि हरेक हिसाबले एसिया अगाडि थियो। उपनिवेशकालअघि सहरी विकास, अर्थ, उत्पादन, संस्कृति, जीवन पद्धतिमा एसियनहरू युरोपियनभन्दा धेरै अगाडि थिए। त्यो वेलाको जानकारी लिन, एसियन समाज कस्तो थियो भनेर बुझ्न यो पुस्तक निकै उपयुक्त छ।



हाउ डेमोक्रेसी डाई : यो पुस्तक अमेरिकन पोलिटिकल साइन्टिस्ट स्टेभेन लेभित्स्की र डेनियल जिवाल्टले लेखेका हुन्। पुस्तकमा लोकतन्त्र कसरी धरापमा परेको छ ? निरंकुशता कसरी बढेको छ ? चुनावबाट निर्वाचितले नै लोकतन्त्र कसरी धरापमा पारेका छन् भन्ने बुझ्न फरक ढंगले विश्लेषण गरिएको छ। अहिलेको लोकतन्त्र बुझ्न यो पुस्तकले सहयोग पुऱ्याउँछ।



ल्यान्ड ओनरसिप इन नेपाल : यो पुस्तक महेशचन्द्र रेग्मीले लेखेका हुन्। पढ्नैपर्ने पुस्तकमध्ये यो एक हो। नेपालमा बिर्ता प्रक्रिया, पृथ्वीनारायण शाहको एकीकरण वेलाको नेपालको आर्थिक प्रणाली, कसरी राज्यले किसानबाट कर उठाउँथ्यो ? कसरी किसान मर्कामा पर्थे ? जस्ता विषय पुस्तकमा उल्लेख छ। नेपाललाई इतिहासदेखि वर्तमानसम्म जोडेर हेर्न यो पुस्तक निकै उपयोगी छ।



प्याजेन्स एन्ड ओर्कस इन नेपाल : यो डेभिड सेडन, पियर्स एम ब्लेकी र जोन क्यामरुनको संयुक्त पुस्तक हो। पूर्व-पश्चिम राजमार्ग, पृथ्वी राजमार्ग, महेन्द्र राजमार्ग, सिद्धार्थ राजमार्ग बनेपछि नेपालका ग्रामीण बस्तीमा कस्तो प्रभाव पऱ्यो ? भनेर बुझ्नका लागि यो पुस्तक निकै सान्दर्भिक छ। स्थलगत अध्ययनका आधारमा लेखिएको पुस्तकमा किसान वा कामदारमा कस्तो असर पऱ्यो ? किसानका लागि बजार त विस्तार भयो, तर त्यहाँ भएका हुनेखानेलाई फाइदा भयो र किसानले फाइदा लिन सकेन। त्यहाँको उत्पादन बजार पुग्न सक्यो-सकेन र सडक विस्तारले समाजमा के फाइदा हुन्छ ? बुझ्नका लागि यो पुस्तक उत्तम छ।



मदर : यो पुस्तक म्याक्सिम गोर्कीले लेखेका हुन्। तत्कालीन रसियन समाज बुझ्नका लागि, रसियामा भएको विद्रोह, विद्रोहमा मान्छेहरू कसरी सामेल भए ? छोरा विद्रोहमा जाँदा आमाले गरेको समर्थनलगायत जान्न विश्व चर्चित यो उपन्यास पढ्नैपर्ने हुन्छ।



नयाँ घर : यो आहुतिले लेखेको उपन्यास विधाको पुस्तक हो। पुस्तकमा ४०-५० सालअघिको समाजलाई देखाइएको छ। पुस्तकमा विद्यार्थी आन्दोलनमा कसरी लागे ? नयाँ व्यवस्था निर्माणका लागि उनीहरूले गरेको समर्पण र संघर्ष पढ्न पाइन्छ। नयाँ नेपाल निर्माणका लागि गरेको समर्पण पुस्तकमा उल्लेख छ। अग्रगामी परिवर्तनका सोच भएका व्यक्तिले यो पुस्तक पढ्न सक्छन्।



सम्पूर्ण कविताएँ : बलशाली कविताका लागि भारतीय कवि अवतार सिंह संधु 'पास'को यो संग्रह पढ्नैपर्ने हुन्छ। विद्रोह भनेको नारामा मात्र छैन भन्ने यो संग्रहमा पढ्न पाइन्छ। समयलाई व्यक्त गर्ने कुरा, मानिसले भोगेको विभिन्न अवस्था, मानिसलाई संघर्षतर्फ प्रेरित गर्ने कुरा संग्रहमा पढ्न पाइन्छ।

सहर



● **रत्न श्रेष्ठ**, संस्थापक अध्यक्ष, नेपाल साइकल सोसाइटी



साइकलयात्रीका लागि कहिले हुन्छ सुरक्षित सडक ?

साइकल यात्रीमैत्री सडक हुनु भनेको प्रयोगकर्ताले ढुक्कले साइकल चलाउन पाउनु हो। निरन्तर साइकल चलाउने अवस्था बन्नु भनेको जनस्वास्थ्यका हिसाबले नागरिक निरोगी हुनुसमेत हो।



साइकल सबै नेपालीको पहुँचमा पुग्न सक्ने साधन हो। स्वास्थ्यका हिसाबले यो उपयोगी साधन हो। मधेशका धेरै ठाउँमा अझै पनि साइकल संस्कृति व्याप्त छ। साइकलविना ती गाउँले 'अपांगता' अनुभव गर्छन्। घाँसदाउरा ल्याउन, खेतबारी जान, बजार जानसम्म साइकल प्रयोग हुन्छ। ती ठाउँमा मोटरसाइकलभन्दा पेट्रोल, पाटपुर्जा बनाउने खर्च, महँगो कर आदिका कारण साइकल उपयोगी हुन्छ। नेपालभर मोटरसाइकल, कार प्रयोगकर्ता निरन्तर बढिरहे पनि आममानिसका लागि साइकल नै उपयुक्त साधन हो।

प्रदूषण घटाउन साइकल प्रयोग

सहरको ठुलो समस्या भनेको हावापानी नै हो। केही दिनयता त काठमाडौं विश्वकै प्रदूषित सहर बनेको तथ्यांक सार्वजनिक भइरहेका छन्। यहाँको वायु गुणस्तर सूचकांक (एक्युआई)अस्वस्थ्यकर बिन्दुमा पुगेको छ। जसकारण श्वासप्रश्वासमा समस्या, दम र फोक्सोको संक्रमण, सुक्खा खोकी लाग्ने, घाँटी चिलाउने, आँखा पोल्नेजस्ता समस्या देखिन थालेका छन्। विज्ञहरूका अनुसार यो अवस्था अझै हप्ता दिनसम्म लम्बिन सक्छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले वायु प्रदूषणको अवस्थामा सुधार ल्याउन आवश्यक कदम चाल्न सम्बन्धित निकायलाई अपिलसमेत गरेको छ। बाक्लो तुवाँलो लाग्दै आएकाले 'भिजिबिलिटी' कम हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडान तथा अवतरण प्रभावित बन्न थालेका छन्।

यस्तै, ट्राफिक व्यवस्थापनको समस्याले गर्दा काठमाडौंको समस्या दिनदिनै बिकराल भइरहेको छ। पहिले कार्यालय सयममा मात्र हुने जाम, अहिले हरेक समयमा हुन थालेको छ। ट्राफिक जाम बढ्नुको मुख्य कारण निजी सवारीको रूपमा कार र मोटरसाइकलको संख्यामा वृद्धि हुनु हो। सडक चौंडा बनाउने ठाउँ छैन, तर निजी सवारीसाधन दिनहुँ वृद्धि भइरहेका छन्। यी समस्याको समाधान गर्ने एक मात्र साधन साइकलको प्रयोग हो। म आफैंले पनि निरन्तर रूपमा साइकल चलाउन थालेको २८ वर्ष हुन थालेको छ। पहिला सडक संरचना नभएपनि साइकल चलाउन सजिलो थियो। साइकल चलाएर हिड्न खासै गाह्रो थिएन। पहिलादेखि नै सार्वजनिक र निजी यातायात चलाउनेहरूले गर्ने व्यवहार त उस्तै हो। खासै परिवर्तन आउन सकेको छैन। तर, साइकल लिएर निस्किएपछि चलाउन सक्छौं भन्ने हुन्थ्यो। अहिलेसाइकल चलाउन अभ्यस्त भइसकेको मानिसलाई पनिगाह्रो छ। मधेशका धेरै ठाउँमा कालोपत्रे बाटो नभएपनि साइकलका लागि खाली ठाउँ भेट्न सकिन्छ। तर, काठमाडौंका सडकमा त्यस्ता ठाउँ छैनन्। साइकल प्रयोगकर्तालाई ढलको नालानजिक पनि ठाउँ दिँदैनन्। काठमाडौंमा साइकल चलाउनु भनेको ठुलै जोखिम लिनु जस्तै भएको छ।

चक्रपथमा बन्न नसकेको साइकल लेन

चक्रपथ विस्तारको पहिलो चरणअन्तर्गत कोटेश्वर-कंलकी सडकखण्डमा साइकल लेन निर्माणका लागि धेरै दबाब दियौं। सरोकारवाला निकायलाई ध्यानाकर्षण गरायौं। तर, साइकल लेन

साप्ताहिक राशिफल

१३ वैशाख (शुक्रबार)
१९ वैशाख (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद्। **मो** : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भ देखि नै शत्रुहरूले तपाईंको चियोचर्चो गर्नेछन्। महत्त्वपूर्ण स्थानमा बोली बिक्ने योग रहेकाले रोकिएका काम अगाडि बढाउँदा कार्यमा सफलता मिल्नेछ। बिहीबारदेखि भने आफन्तले नै कुरा काट्न र विश्वासघात गर्न थालेपछि मन अस्थिर र अशान्त रहनेछ। पारिवारिक समस्याले पनि मन खिन्न हुनेछ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

आवश्यक र उपलब्धिमूलक रमाइलो यात्राको योग जुरेको छ। सकारात्मक र व्यावहारिक सोचको विकास हुनेछ। स्वास्थ्यका दृष्टिकोणले समेत यो राम्रो समय छ। आर्थिक लाभ हुनेछ। ऋण सापटी लिनदिन समयअनुकूल रहेकाले लेनदेनमा समस्या पर्नेछैन। पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहनेछ। साताको अन्त्यमा सेयरबजारले भने राम्रो प्रतिफल नदिने संकेत देखिन्छ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

घरपरिवार र छरछिमेकमा असमझदारी बढ्न सक्छ। घरपरिवारबाट पनि आवश्यक सहयोग मिल्नेछैन। कडा परिश्रम गर्दा पनि सोचेजस्तो उपलब्धि हात पर्नेछैन, व्यर्थै खेर जान सक्छ। हाकिम, मातापिता वा विशिष्ट व्यक्तिसँग वादविवादमा परिनसक्ने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। साताको अन्त्यमा पारिवारिक धार्मिक भ्रमणको योग रहेको छ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

व्यावसायिक क्षेत्र सफल रहनेछ भने आम्दानीमा कमी आउनेछैन। व्यापारिक वा दैनिक काम सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्। अर्थलाभका अवसर आउनेछन्। राजनीतिक चासो पनि बढ्नेछ। तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुन सक्छ। सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

उत्साह छाउने साता रहेको छ। लामो तथा व्यवसायी यात्राका लागि उत्तम समय रहेको छ। सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। अधुरो र आँटेको कार्य पूरा हुनेछन्। धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन्। साताको अन्त्यमा सेयरबजारमा गरेको लगानीले राम्रै प्रतिफल दिने संकेत मिल्नेछ। स्थानान्तरणको योग रहेकाले जिम्मेवारी हेरफेर हुने सम्भावना रहेको छ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको प्रारम्भमा गरिएका क्रियाकलापले तपाईंलाई दीर्घकालिक फाइदा पुग्न सक्नेछ। आफ्नो विचार र योजनालाई रचनात्मक रूप प्रदान गर्ने प्रयास गर्दा राम्रो हुनेछ। नाम, दाम, प्रतिष्ठा र पुरस्कार प्राप्त हुन सक्छ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। व्यस्तता बढ्नुका साथै सामान तथा गरगहना हराउने तथा चोरी हुने योग छ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

लगानीमा रहेका धनको उचित प्रतिफल नआउनाले दिक्क लाग्नेछ। धैर्यले काम लिने समय छ। छर-छिमेकमा भने केही असमझदारी बढ्ने योग छ। प्रतियोगिता र प्रतिस्पर्धामा पराजय व्यहोर्नु पर्छ। बिहीबारदेखि मंगल कार्यको योग रहेको छ। प्रेम र मित्रताको बन्धन कसिने वेला रहेको छ। सरुवा तथा बढुवाको योग रहेको छ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो या, यि, यु)

भाइबहिनी वा सन्ततिका तर्फबाट खुसीको खबर प्राप्त हुनेछ। आर्थिक रूपमा सबल हुनुहुनेछ, कारोबारमा गतिशीलता आउनेछ र व्यवसायबाट पनि राम्रै लाभ हुनेछ। मायाप्रेमका लागि समय जुट्नेछ। विपरीतलिंगीबाट आवश्यक सहयोग मिल्नेछ। पठनपाठनमा प्रगति हुनेछ। साताको अन्त्यमा आकस्मिक धनलाभको योग रहेको छ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

कृषिकर्ममा मन जानेछ। प्राविधिक काममा विशेष सफलता प्राप्त हुनुका साथै आत्मसन्तुष्टि प्राप्त हुनेछ। मातापिता र अभिभावकवर्गको आशीर्वादले महत्त्वपूर्ण कार्यको थालनी हुनेछ। नयाँ काम वा व्यवसायको थालनी हुनेछ। मनोरञ्जनमा सहभागी भइएला। स्वादिष्ट परिकारको अवसर मिल्नेछ। साताको अन्त्यमा आकस्मिक धनलाभको योग छ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुख-सुविधा र आनन्द प्राप्तिका लागि मन लालायित बन्न सक्छ। धार्मिक, सामाजिक वा सांस्कृतिक क्रियाकलापबाट व्यक्तिगत सम्मानमा हानि पुग्न सक्ने योग छ। व्यस्तता बढ्नुका साथै सामान हराउन सक्नेछ। पारिवारिक साथ-सहयोग र समर्थन मिल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ वैदेशिक कार्य र आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)


रोकिएका घरायसी तथा अन्य काममा उन्नति र प्रगतिको वातावरण बन्नेछ। रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ। वैदेशिक क्षेत्रको कार्य अघि बढ्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। साताको अन्त्यमा बोलीमा संयमता अपनाउनुपर्ने छ। गरेका कामबाट राम्रै लाभ हुनेछ। श्रमको उचित मूल्यांकन हुने योग छ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

भ्रमण र मनोरञ्जनमा समय बित्नेछ। सुरुमा घरपरिवारका सदस्य र साथीभाइसँग मतभिन्नता भए पनि अन्त्यमा उनीहरू सकारात्मक देखिनेछन्। रमणीय र सुखद यात्राको योग रहेको छ। जीवनसाथी वा आमाको सल्लाहमा गरिएको काममा सफलता प्राप्त हुनेछ। सामाजिक सम्बन्ध सुदृढ हुनेछ। साताको अन्त्यमा पठनपाठनमा देखिएका बाध हट्दै जानेछन्।


टिप्स



● **डा. विजय ज्ञवाली**, मनोविद्
अमोहा क्लिनिक, काठमाडौं

किशोरावस्थामा शारीरिकसँगै बालबालिकाको मानसिक विकास पनि तीव्र रूपमा हुन्छ। यतिवेला सिकेका र सिकाइएका पाठले जीवनमा ठुलो अर्थ राख्ने भएकाले अभिभावक र परिवारको सदस्यले बच्चालाई सही रूपमा मार्गदर्शन र वातावरण दिनुपर्छ। पत्रपत्रिका, रेडियो, टेलिभिजन, सामाजिक सञ्जालमा आउने सामग्री तथा घरपरिवार तथा समाजमा हुने कुराकानीले उनीहरूलाई प्रभावित गरिरहेको हुन्छ। त्यहीकारण, उनीहरूको चाहनालाई बुझेर अभिभावकले मागदर्शन गर्नुपर्छ। उनीहरू कस्ता विषयमा रमाउँछन्, कस्तो खेल्छन्, कतिवेला सुत्छन् ? यी विषयमा अभिभावकले ख्याल गर्नुपर्छ।

यस्तै, बालबालिकालाई सफल हुन अभिप्रेरित गर्नुपर्छ। तर, यसको अर्थ जित्ने दबाब दिनुपर्छ भन्ने होइन। हाम्रो शिक्षाले



> व्यक्तिलाई मात्र होइन, समाज र राज्यलाई फाइदा हुन्छ। युरोपका धेरै देशले गाडीको स्पेस हटाएर साइकललाई स्पेस दिएका छन्। साइकलमैत्री कानुन निर्माण भएका छन्। जसका कारण साइकल प्रयोगकर्ता बढेका छन्। प्रदूषण घटेको छ। नेपालले उनीहरूबाट किन नसिक्ने ?

प्रयोगको काम हुन सकेन। पहिलो खण्डको काम हुने चरणमा साइकल लेन राख्ने भनेर डिजाइन तयार भएको थियो। तर, बन्दै जाने क्रममा साइकल लेन भेटिएन। काठमाडौंको बस्तीभित्रकै सडक चक्रपथ 'एक्सप्रेस हाइवे मोडालिटी'मा बन्यो। यो त सहरभित्रको सडक हो। यसमा सहरी सडकको मापदण्ड हुनुपर्थ्यो। तर, त्यस्तो हुन सकेन। दोस्रो चरणअन्तर्गत कंलकी-वसुन्धरा खण्डमा पनि साइकल लेन राख्नेबारे निश्चित छैन। साइकल लेन भनेको ह्विलचियर लेन पनि हो। ह्विलचियर प्रयोगकर्ताका लागि घुम्तीमा अलि ठुलो स्पेस चाहिन्छ। साइकल लेन विस्तार भएमा ह्विलचेयर प्रयोगकर्तालाई पनि धेरै सहज हुन्छ।

स्थानीय सरकार र साइकल लेन

साइकल प्रयोगर साइकल लेनबारे स्थानीय सरकारलाई पनि चासो छैन। यसबारे काम गर्न खोज्नेहरूका लागि पनि अधिकार छैन। आठ मिटरमाथिका चौंडा सडक संघीय सरकारमातहत छ। देशकै जेठो महानगर काठमाडौं महानगरपालिकाले समेत यो विषयमा चासो लिएको छैन। तत्कालीन महानगरपालिका मेयर विद्यासुन्दर शाक्यले घोषणापत्रमै साइकल लेनबारे उल्लेख गरे। काम गर्नका लागि भन्दै बजेट छुट्याउने काम पनि भयो। तर, कार्यान्वयन हुन सकेन। अहिलेका मेयर बालेन्द्र शाह (बालेन)ले पनि यो विषयमा खासै चासो देखाउन सकेका छैनन्।

ललितपुर महानगरले काम गर्ने प्रयास गरेको छ। महानगरले लगनखेलको बटुक भैरव मन्दिरदेखि सातदोबाटोसम्म ६ सय मिटर सडकमा 'डेडिकेटेड' लेन नै बनाएको छ। डेडिकेटेड' लेन भनेको साइलक प्रयोगकर्ताका लागि मात्र हो। पहिलो चरणमा महानगरले १४ मंसिर ०७६ मा साढे १० किलोमिटर साइकल लेनको शुभारम्भ गरेको थियो। त्यतिबेला महानगरपालिकाले कुपन्डोल, पुल्चोक, जावलाखेल, लगनखेल, मंगलबजार हुँदै पाटन दरबार स्क्वायरसम्म पुग्ने साइकल लेन सञ्चालनमा ल्याएको थियो। दोस्रो चरणमा २२ किलोमिटर साइकल लेन निर्माण भएको थियो। महानगरभित्रका एकान्तकुना हुँदै पुल्चोक आउने, पुल्चोकदेखि लगनखेल, टंगाल हुँदै मंगलबजार जाने, पुल्चोकबाट गाःबहाल हुँदै मंगलबजारसम्म पुग्ने, कुपन्डोलबाट पुल्चोक हुँदै सीधा दरबार स्क्वायरसम्म साइकल लेन बनेको हो। जसकारण साइकल प्रयोगकर्तालाई ललितपुर प्रवेशपछि सुरक्षित महसुस भने गराएको छ।

ललितपुरले साइकल लेन बनाउने प्रयास गरेपनि त्यसको नियमन र प्रवर्द्धनमा भने ध्यान पुऱ्याउन सकेको छैन। लगनखेलमा परीक्षणका लागि बनाएको डेडिकेटेड लेनको अनुगमन छैन। साइकल लेन फोहोर फाल्ने ठाउँको रूपमा प्रयोग भएको छ। सडक विभागकै कर्मचारीले साइकल लेनमै फोहोर थुपार्ने काम गरेका छन्। त्यस्तो फोहोर भएको ठाउँमा साइकल चलाउने हो भने चिप्लने, दुर्घटना हुने सम्भावना हुन्छ। साइकल लेन मात्र बनाएर हुँदैन। अनुगमन, प्रवर्द्धन चाहिन्छ। ललितपुरले प्रयास गरेको हो, तर त्यति प्रयासले मात्र पुग्दैन। अनुगमन, सचेतनाको पाटोमा पनि काम गर्नुपर्छ। ललितपुरकोसाइकल लेन मेटिँदै गएको छ। लेनमा रंग लगाउने काम हुन सकेको छैन। त्यसैले ती साइकल लेनमापनि धर्सा कोरेकोजस्तो मात्र भएको छ।

ललितपुरले साइकल लेनको सुरुवात गरेर बलियो सन्देश दिएको छ। चितवनको भरतपुर महानगरले पनि साइकल लेन बनायो। भरतपुरले डेडिकेटेड साइकल लेन बनाउन सक्थ्यो। तर,त्यो हुन सकेन। ललितपुरपछि पोखरा महानगर, हेटौंडा र धनगढी उपमहानगरले पनि केही सुरुवात गरेका छन्। तर, अरू स्थानीय सरकारले यो विषयमा चासो राख्न सकेको छैन।

राज्यको आँखामा साइकल

राज्य प्रणालीमा सडकलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएसम्म साइकललाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउँदैन। अझै पनि राज्य संयन्त्रमासडक यातायात भनेको मोटरसाइकल, गाडी मात्र हो भन्ने बुझाइ छ। धेरै आवागमन हुने सहरी क्षेत्रमा यातायातको साधनको रूपमा मोटरसाइकल र गाडीलाई मात्र हेर्न थालियो भने सडक समस्या सुझ्दैन। अहिलेसम्म संघीय सरकार र प्रदेश सरकारले साइकल ऐन बनाउन सकेका छैनन्। साइकल ऐन चाहिन्छ भनेर साइकल अभियन्ताबाट सामूहिक रूपमा सरकारलाई प्रतिवादी बनाएर सर्वोच्च अदालतमा रिट पनि हालिएको थियो। सर्वोच्चले पनि साइकल लेनसम्बन्धी कानुन आवश्यक छैन भनेर फैसला गऱ्यो।

साइकल प्रयोगकर्ता बढे वायु प्रदूषण कम हुन्छ। सडक दुर्घटना कम हुन्छ। पेट्रोलको खपत कम हुन्छ। जसले गर्दा राज्यलाई आर्थिक भार पनि कम हुन्छ। दातृ निकायको आर्थिक सहायताले बनेको सडकमा समेत साइकल लेन बनेका छैनन्। आर्थिक सहायता पो उनीहरूको, डिजाइन त नेपालकै हुने हो। तर, राज्यको हेपाहा प्रवृत्तिले ५०-६० मिटरको सडकमा डेढ मिटरको साइकल लेन राखिँदैन।

साइकल प्रयोगकर्तामैत्री सडक हुनु भनेको प्रयोगकर्ताले ढुक्कले साइलक चलाउन पाउनु हो। दोस्रो कुरा निरन्तर साइकल चलाउने अवस्था बन्नु भनेको जनस्वास्थ्यका हिसाबले निरोगी हुनु हो। निरन्तर साइकल प्रयोग गर्नेले व्यायामशाला जानुपर्दैन। दीर्घ रोग लाग्ने जोखिम कम हुन्छ। यसले गर्दा राज्यले दीर्घकालीन रोग लाग्दा उपलब्ध गराउनुपर्ने रकम उपलब्ध गर्नुपरेन। व्यक्तिलाई मात्र होइन, समाज र राज्यलाई फाइदा हुन्छ। युरोपका धेरै देशले गाडीको स्पेस हटाएर साइकललाई स्पेस दिएका छन्। साइकलमैत्री कानुन निर्माण भएका छन्। जसका कारण साइकल प्रयोगकर्ता बढेका छन्। प्रदूषण घटेको छ। नेपालले उनीहरूबाट किन नसिक्ने ?

■ नेपालको परराष्ट्र सम्बन्ध : संक्रमणकाल र प्रो. नरेन्द्रमणि दीक्षित

औपनिवेशिक भारत र ब्रिटिससँग परराष्ट्रनीतिको तस्बिर

पुस्तक समीक्षा



● भुवन पौडेल

पूर्वपरराष्ट्र सचिव डा. मदनकुमार भट्टराईद्वारा लिखित चौथो पुस्तक 'नेपालको परराष्ट्र सम्बन्ध : संक्रमणकाल र प्रो. नरेन्द्रमणि दीक्षित' २४ फागुन ०८१ मा सार्वजनिक भएको थियो। केही समय प्राज्ञिक र पत्रकारिता गरी परराष्ट्र सेवामा प्रवेश गरेर सचिवबाट अवकाश प्राप्त डा. भट्टराई जापानका लागि राजदूत पनि हुनुभयो। म परराष्ट्र मन्त्रालय प्रवेश गरिरहँदा उहाँ सहसचिव हुनुहुन्थ्यो। तत्कालीन परराष्ट्र सचिव ज्ञानचन्द्र आचार्य संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी प्रतिनिधि भई न्युयोर्क गएपछि उहाँ परराष्ट्र सचिव हुनुभयो, तर केही समय ओभरल्याप भएकाले उहाँ प्रधानमन्त्री कार्यालयमा सचिवको रूपमा रहनुभयो। ज्ञानचन्द्र आचार्य न्युयोर्क प्रस्थान गरेपछि विधिवत् परराष्ट्र सचिवमा बहाली गर्नुभयो।


डा. भट्टराईको पुस्तक मलाई जतिसक्दो छिटो सकाउनु थियो। भर्खरै मात्रै प्रथम महिला राधिका शाक्यद्वारा लिखित पुस्तक 'करुणा' पढेर सकेको थिएँ। सीधै पुस्तकमै प्रवेश गरे। भूमिकामा प्रवेश गर्दै गर्दा उहाँले पूर्वप्रकाशित पुस्तकको प्राप्त समीक्षा तथा पृष्ठपोषणलाई यसमा समावेश गर्नुभएको रहेछ। यसले नयाँ पाठकलाई अघिल्ला पुस्तकसमेत खोजेर पढ्न प्रेरित गर्छ। पुस्तकमा रहेका महत्त्वपूर्ण व्यक्तित्वका भनाइसमेत छन्। त्यसमध्ये पाकिस्तानी कूटनीतिज्ञ इकवाल अहम्मद अखुन्डको भनाइ मन छुने खालको छ। परराष्ट्र नीतिलगायत महत्त्वपूर्ण विषयमा निर्णयको जस राजनीतिक नेतृत्वले लिने र अपजसको भागिदार नोकरशाहलाई बनाउने परिप्रेक्ष्यमा कूटनीतिक अधिकारी घटनाका केवल कोल्टे बस्ने साक्षी बन्न बाध्य हुन्छन्।

पुस्तक पढ्दै जाँदा डा. भट्टराईले नेपालको सन् १९४० देखि १९६० सम्मको संक्रमणाकाललाई केन्द्र बनाएको प्रस्ट हुन्छ। उक्त समयका शासक, प्रशासक, छिमेक त्यसमा पनि औपनिवेशिक भारत र ब्रिटिससँगका सम्बन्ध पत्राचार तथा गतिविधिलाई नै केन्द्रित बनाउनुभएको छ। नेपालको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन एसिया सम्मेलनमा सहभागिता, कोलम्बो योजनामा सदस्यता र नेपालको सहभागिता, संयुक्त राष्ट्र संघको एसिया प्यासिफिकका लागि क्षेत्रीय कार्यालय तत्कालीन इकाफेपछि इस्काफ तथा विशेषगरी राणा शासनको अन्त्य र राजाको यथोचित भूमिकासहितको प्रजातन्त्र बहाली अवधिमा भएका राजनीतिक कूटनीति घटनाक्रमलाई पुस्तकमा उधिन्ने काम गर्नुभएको छ। कतिपय जानकारी तथा विवरण यसअघि पढ्न नपाइएकाले थप चाख लाग्नु स्वाभाविकै छ।

पुस्तकलाई सरसर्ती सिध्याउँदै गर्दा उहाँले समावेश गर्नुभएको पादटिप्पणी यति यथेष्ट छन् कि नेपालको मात्र नभएर भारतीय विदेश मन्त्रालयमा रहेका पात्रहरू, जवारलाल नेहरूको विदेश नीति तथा तत्कालीन भारतीय विदेश नीतिका सम्बन्धमा यथेष्ट जानकारी र सूचना पस्कनुभएको छ। पुस्तकमा उल्लेखित पात्रको वैयक्तिक विवरणको यति फेदसम्म पुनुभएको छ कि त्यो सायदै पुस्तकमा पाइन्छ। यसका लागि सानो मिहिनेत र समयले पुग्दैन। उहाँले युवा पुस्ताका नेपालको विदेश सम्बन्धमा विशेष रुचि र अनुसन्धान गरिरहनुभएका सन्तोष धिताल खडेरीको सहायता पनि लिनु भई पुस्तकलाई अझै पठनीय र अनुसन्धानमूलक बनाउनुभएको छ। नेपालको विदेश सम्बन्ध त्यसमा पनि भारतसँगको सम्बन्धमा सन् १९५० को शान्ति तथा मैत्रीसन्धिको सन्दर्भका विषयलाई तत्कालीन परिस्थिति तथा विश्वको भूराजनीति जटिलता र नेपालको नगण्य अन्तर्राष्ट्रिय सहभागिता र उपस्थितिको वस्तुस्थितिलाई लेखकले विस्तृत व्याख्या गर्नुभएको छ।

पुस्तकको शीर्षकबमोजिम केन्द्रीकृत पात्र तथा नेपालको पहिलो परराष्ट्र सचिवबारे उहाँका सबल तथा दुर्बल पक्ष दुवै दृष्टिकोणबाट उधिन्ने प्रयास गर्नुभएको छ। अत्यन्तै तरल राजनीतिक अवस्था र विषम परिस्थितिमा उहाँले परराष्ट्र सचिव पद सम्हालेकोमा दुईमत छैन। उता भारतमा ब्रिटिस लिगेसीबाट प्रभावित भई परराष्ट्र सेवालाई बलियो बनाउँदै र बलियो संस्थागत आधार दिने काममा स्वयं प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री जवाहरलाल नेहरूले नै गर्नुभयो भने यता केवल उहाँ एक्लैले गर्न सक्ने अवस्था थिएन। कता-कता लेखकले उहाँले किन परराष्ट्र मन्त्रालय तथा सेवालाई सुदृढीकरणमा योगदान गर्न सक्नुभएन भनेर प्रश्न गरेको देखिन्छ। तर, राजनीतिक नेतृत्वको इच्छाशक्तिविना केही सम्भव हुने पनि होइन। फेरि उपसंहारमा भने सचिव एक्लैले गर्न सक्ने अवस्था नहुने विषयलाई स्वीकार पनि गर्नुभएको छ।

राणाहरू आफूमा शक्ति केन्द्रित गर्न चाहन्थे, परराष्ट्र मन्त्रालयलाई बलियो बनाउनु उनीहरूको हितकर पनि थिएन। पुस्तक पढ्दै गर्दा र छिमेकसँगको संलग्नता तथा गतिविधि हेर्दा कसोकसो हालसम्म पनि नेपालको राजनीतिक संक्रमण तथा अस्थिर राजनीति र दक्षिण छिमेकसँगका सवाल उस्तैउस्तै छन्। त्यसमा खासै परिवर्तन नआएकोजस्तो भान हुन्छ। उतिखेर मोहनशमशेर भारत भ्रमणमा जाँदा चार सयजनाको प्रतिनिधिमण्डल र २१ तोपको सलामी लागेजस्तो हालसम्म पनि छरितो र सारभूत विषयमा भ्रमणलाई केन्द्रित गराउन अझै पनि नसकेको देखिन्छ। खैर विविध बाध्यता र गठबन्धन राजनीतिक परिस्थितिका उपज आफैंमा व्यवस्थापन गर्न व्यावहारिक कठिनाइ पनि छ। उता विशेष सम्बन्धको तथाकथित परिसीमा र परिधिमा नेपालसँग भए-नभएको समझदारीको बखेडा झिकी नेपालको विदेश नीतिलाई नियन्त्रण गर्न र नेपालको वैदेशिक सम्बन्धमा संकुचन ल्याउन हरहिसाबले नेहरू उद्यत् भएको पुस्तकमा उल्लेख भएबाट नेपाललाई स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्न कति कठिनाइ थियो भन्ने कुराको गहिराइ स्पष्ट हुन्छ।



> परराष्ट्र नीतिलगायत महत्त्वपूर्ण विषयमा निर्णयको जस राजनीतिक नेतृत्वले लिने र अपजसको भागिदार नोकरशाहलाई बनाउने परिप्रेक्ष्यमा कूटनीतिक अधिकारी घटनाका केवल कोल्टे बस्ने साक्षी बन्न बाध्य हुन्छन्।

विशेषगरी लेखकले पनि आधुनिक नेपालको परराष्ट्र नीतिको विस्तार, विविधीकरण र परिमार्जनको श्रेय कुनै एक व्यक्तिलाई दिने हो भनी यसको ठुलै हिस्सा श्री ५ महेन्द्रलाई दिनु पर्ने उल्लेख गर्नुभएको छ। जुन विषयमा सायदै विमत होला, यसलाई पूर्वपरराष्ट्रमन्त्रीद्वय डा. भेषबहादुर थापाद्वारा लिखित राष्ट्र परराष्ट्र तथा कमल थापाद्वारा लिखित नाकाबन्दी र भूराजनीति : कूटनीतिमा मेरो अनुभव र अनुभूति नामक दुई पुस्तकले समेत पुष्टि गरेका छन्। महेन्द्रकालीन नेपालमा सिंहदरबार काममा स्वतन्त्र रहेको विज्ञहरूको भरपूर उपयोग र काम गर्न उच्चपदस्थलाई अधिकारसहित स्वतन्त्रता दिएकाले उनी सफल भएको देखिन्छ।

राजा त्रिभुवन भारतप्रति अधिक अनुग्रहित भएको देखिन्छ, उनले नेपाल भारतको एक प्रान्त होस् भनी नेहरूसमक्ष सुझाएको, तर नेहरूले अस्वीकार गरेको उनको ठाउँमा इन्दिरा गान्धी भएको भए नेपालको अवस्था के हुँदो हो, कता-कता त्रिभुवनले राणाहरूको रिसमा मुलुकको स्वतन्त्रतामाथि यतिसम्म गिर्नुलाई नेपाली उखान सौताको रिसले श्रीमान्को काखमा पिसाब फेर्नुजस्तो चरितार्थ देखिन्छ। आफ्नो पिताको यस्तै कमी-कमजोरीलाई राजा महेन्द्रबाट सुधार गरी नेपालको बाहिरी नजरिया र उपस्थितिमा बदलाव ल्याउन ठुलो योगदान छ। विदेश नीतिका सम्बन्धमा राजा त्रिभुवन र महेन्द्रबारे पुस्तकमा लेखकले छुट्टै शीर्षकमा तुलना नै गर्नुभएकाले धेरै कुराहरू स्पष्ट हुन्छ।

यसैगरी नेपालमा औपचारिक शिक्षाको विकासक्रमलाई पनि उहाँले मज्जाले पस्कनुभएको छ। त्रिचन्द्र कलेजको स्थापनाको इतिहास तथा शिक्षा क्षेत्रको उन्नयनसँगका घटनाक्रमलाई समेत विभिन्न ठाउँमा विस्तृतमा उल्लेख गर्नुभएको छ।

इम्प्रिन्ट पब्लिसर्सद्वारा प्रकाशित ३५४ पृष्ठको पुस्तकमा तस्बिर खण्डमा विभिन्न आयाममा संलग्न तस्बिरले पुस्तकलाई थप मनमोहक बनाएको छ। परिशिष्ट खण्डमा समावेश सामग्रीले नेपालको तत्कालीन अवस्थाका सरकारी पत्राचार तथा कागजातको लेखनीय शैली, अवस्था र हैसियतलाई बुझ्न र मनन गर्न सहयोग पुग्छ। कतिपय विषय घटनाक्रम पटक-पटक तथा विभिन्न शीर्षकमा पुनः दोहोरिएर आएकाले सम्पादकीय पक्षबाट अलि ध्यान दिइएन कि जस्तो अनुभव पाठकमा पर्न सक्छ।

किशोरावस्थामा यस्तो चाहिन्छ अभिभावकको भूमिका



असफलतालाई स्विकार्न सिकाएको छैन। जबकि, उनीहरूलाई हामीले जीवनमा असफलता पनि एउटा पक्ष हो र यसले भविष्यमा सफलताको जग बसाल्छ भनेर बुझाउन जरुरी छ। कतिपयले सानो असफलताबाटै कुलतमा लाग्ने, हात काट्ने, डिप्रेस रहने, आत्महत्या प्रयास गर्ने जस्ता व्यवहार पनि देखाउँछन्। त्यसैले पनि हामीले असफलतामा खुसी हुने र विचलित नहुने उपाय किशोर-किशोरीलाई सिकाउन जरुरी छ।

किशोरावस्थामा धेरैमा जिद्दीपन देखिन्छ। चाहेको/भनेको कुरा नपाउँदा निराश हुने पनि गर्छन्। डिजिटल युगमा विश्वका धेरै घटनाक्रम र व्यक्तिलाई बच्चाले पछ्याइरहेका हुन्छन्। आफ्नो आदर्श व्यक्तिजस्तै बन्न चाहनु स्वाभाविक पनि हो। तर, यथार्थ फरक हुन सक्छ। यस विषयमा अभिभावक सचेत रहनुपर्छ र बालबालिकालाई सकारात्मक रूपमा मार्गदर्शन दिन सक्नुपर्छ। उनीहरूलाई सफलता प्राप्त गर्नका लागि संघर्ष गर्न सिकाउनुपर्छ।

कसरी रिस प्रकट गर्ने, खुसी व्यक्त गर्ने र आफ्ना मनोभावलाई नियन्त्रण गर्ने ? सिर्जनशील बन्नेलगायत विषय पनि अभिभावकले सिकाउनुपर्छ। यसका लागि अभिभावकले बालबच्चासँग साथीभाइजसरी नै प्रस्तुत हुने र उनीहरूका भनाइ र भावना सुन्ने गर्नुपर्छ। उनीहरूले पढेका विषयमा छलफल गर्ने, सिनेमा हेर्न सँगै जाने र त्यस विषयमा उनीहरूका राय सुनेर आफ्नो टिप्पणी राख्नेलगायत कार्य गर्नाले सम्मानित महसुस गर्छन्। अभिभावकले बच्चालाई पढ्न, खेल्न, सिनेमा हेर्ने, पुस्तक पढ्नेलगायत काममा उत्प्रेरित गर्नुपर्छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



जादुगर सर

शिक्षक आन्दोलनमा काठमाडौं आएका पर्साका देवेन्द्रप्रसाद जादु देखाउनमै व्यस्त छन् । दुई हजारभन्दा बढी जादु देखाउन सक्ने दाबी गर्ने उनले जारी आन्दोलनमा मात्रै डेढ सय जादु देखाइसके ।

समाज



● शिवहरि घिमिरे



जादु र शिक्षण सिकाइको आपसमा समेत सम्बन्ध छ । सिकाइमा पनि कला चाहिन्छ, जादुमा त कला अनिवार्यजस्तै हुन्छ । ट्रिक्स वा कला भएन भने पढाउन पनि सकिँदैन, त्यस्तै जादु पनि देखाउन सकिँदैन । जादु कलालाई शिक्षण सिकाइमा प्रयोग गर्दा सिकाइ अझ प्रभावकारी हुने गरेको छ ।

जसले देखाउन सक्छन् दुई हजारभन्दा बढी जादु

करिब एक महिनाअघिसम्म देवेन्द्रप्रसाद साहको परिचय थियो, शिक्षक, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, पर्सा । उनलाई विद्यार्थी र विद्यालय रहेको बिन्दबासिनी गाउँपालिका-२ आसपासबाहेक अन्यले मुस्किलले चिन्थे । तर, अहिले उनलाई सामाजिक सञ्जालमा फलो गर्ने हजारौं छन् । पत्रपत्रिका, टेलिभिजन र अनलाइन माध्यममा अन्तर्वार्ता दिन उनलाई भ्याई-नभ्याई छ ।

शिक्षक आन्दोलनमा सहभागी हुन काठमाडौं आएका साहलाई एक्कासि भ्याई-नभ्याईको स्थितिमा पुऱ्याउने अवस्था उनको जादुकलाले बनाएको हो । नयाँ बानेश्वरको बिजुली बजारमा जारी शिक्षक आन्दोलनमा देखाएको जादुले उनी 'सेलिब्रेटी'जस्तै बनेका छन् । आन्दोलनका क्रममा उनीसँग सेल्फी खिच्ने र जादु देखाउन अनुरोध गर्नेहरूको अचेल भिड देखिन्छ । यही कलाका कारण उनी भिडमा पनि चम्किरहेका पनि छन् ।

जादु हेर्न मात्र होइन, उनको भाषण सुन्न मन पराउने पनि उत्तिकै छन् । आन्दोलनरत शिक्षकहरू त झन् उनको फ्यान बनेका छन् । यस्तै, बाटो हिँड्ने यात्रुसमेत उनको जादुमा रोकिन्छन्, मोबाइल निकालेर भिडियो बनाउन थाल्छन् । फ्यानहरूको भिडबाट मुस्किलले फुत्किएका देवेन्द्रप्रसादले भने, 'सबैजसो जादु तन्त्रविज्ञानमा आधारित हुन्छन् । चाहेर मात्रै जादु सिकिँदैन ।' जादु उनले कसरी सिके त ? उनको जवाफ थियो- जादु देखाउन थालेको १५ वर्ष हाराहारी भयो । ८ कक्षा पढ्दैदेखि जादु सिकेको हुँ ।' ०५९ सालतिर उनको गाउँमा एकजना जादुगुरु आएका रहेछन् । गुरुले देखाएको कलाप्रति उनी यसरी मोहित भए कि यस्तो चमत्कार देखाउन सकिएला भनेर गुरुलाई भेट्न गए । ती जादुगुरु एक दिन पर्सामै बसेका थिए । भेटेमा आफूलाई पनि जादु देखाउने कला सिकाइदिन आग्रह गरे । गुरुले उनलाई ६ वटा तरिका र ६ वटा तान्त्रिक ज्ञान दिए । देवेन्द्रप्रसादले सुरुमा तान्त्रिक ज्ञानलाई व्यवहारमा लागू गरेर ६ वटा जादु सिके ।

पछि ११, १२ कक्षामा पढ्दा उनले ठाकुरराम क्याम्पसमा पनि जादु देखाउन थाले । उनको जादु हेर्न शिक्षक र साथीहरू झुम्मिन्थे । 'अरूले चाख मानेपछि जादु देखाउन झन् रहर लाग्यो, गुरुले सिकाएको तान्त्रिक विधि र तरिका अभ्यास गर्न थाले,' उनले सुनाए, 'पढाइ र जादुकला दुवैलाई अघि बढाएँ, कक्षा ८ मा पढ्दा गुरुले सिकाएको जादुमा एसएलसी दिने वेलासम्म मैले एक प्रकारको सिकाइ हासिल गरिसकेको थिएँ, स्नातक तह र स्नातकोत्तर ठाकुराम क्याम्पसबाट गरेँ ।'

पेसा पूर्णकालीन शिक्षक, रुचि जादुकला

उनको पेसा पूर्णकालीन शिक्षक हो । तर, रुचि भने जादुकलामा पनि छ । 'करिकुलमअनुसार कक्षाकोठामा पढाउँछु, दैनिक पाँचवटा कक्षा लिन्छु,' उनले भने, 'जादु मेरो रुचि हो । कहिलेकाहीं कक्षाकोठामा पनि जादुकला प्रयोग गर्छु, यसले सिकाइलाई राम्रो बनाउँछ ।'

काठमाडौंमा जारी शिक्षक आन्दोलनमा उनले १५० वटा जादु देखाइसकेका छन् । दुई हजारभन्दा बढी जादु देखाउन सक्ने उनी बताउँछन् । सबैजसो जादु तन्त्रविज्ञानमा आधारित हुने र जोकोहीले चाहेर मात्रै जादु नसिकिने उनको बुझाइ छ । 'जादुमा पनि तन्त्रमन्त्र र विज्ञान हुन्छ, यहाँ जोकोहीले सिक्छु भनेर हुँदैन । ध्यान, तपस्या तथा कला चाहिन्छ,' उनले भने, 'त्यो कला भित्रैदेखि आउनुपर्छ, जादु एउटा सिर्जनशील कार्य हो, आइडिया र ट्रिक्ससमेत उत्तिकै चाहिन्छ ।'

उनले हालसम्म दुई हजारभन्दा बढी जादु देखाइसकेका छन् । गाउँठाउँमा कुनै मेला महोत्सव, सांस्कृतिक कार्यक्रम, जमघटमा जादु देखाएर रमाइलो माहोल बनाउँछन् । जादु देखाउँदा चाहिने सामान पनि उनी आफैं तयार पार्छन् । यी सामान धेरै खर्चिलो नहुने उनको भनाइ छ ।

नाम त दियो, दाम आउनेतर्फ जोडिएन

जादुकलाले उनलाई देश-विदेशसम्म चिनाए पनि यसबाट उनले आम्दानी भने गर्न सकेका छैनन् । 'जादुले चिनायो तर यसलाई आर्थिक उपार्जनमा जोड्न सकेको छैन,' उनले भने, 'जादु र शिक्षण सिकाइको आपसमा समेत सम्बन्ध छ । सिकाइमा पनि कला चाहिन्छ, जादुमा त कला अनिवार्यजस्तै हुन्छ । ट्रिक्स वा कला भएन भने पढाउन पनि सकिँदैन, त्यस्तै जादु पनि देखाउन सकिँदैन । जादु कलालाई शिक्षण सिकाइमा प्रयोग गर्दा सिकाइ अझ प्रभावकारी हुने गरेको अनुभव छ ।' उनले विद्यार्थीलाई रिफ्रेसमेन्टका लागि कहिलेकाहीं जादु देखाउने गर्छन् । उनले भने, 'यसपटक काठमाडौं आउँदा यति धेरै भाइरल हुन्छु भनेर सोचेकै थिइनँ, यसले देशैभर चिनाएको छ, मानिसले मेरो कला देख्नु र चिन्नु भनेको चानचुने कुरा होइन ।'

जादुमा हुन्छ भ्रम र चमत्कार

देवेन्द्रप्रसाद जादुलाई भ्रम र चमत्कारका रूपमा लिन्छन् । मानिसलाई रहस्यको पोको खोलेर देखाउन सजिलो छैन । अनेक ट्रिक्स लगाउनुपर्छ । 'जादु भनेको चमत्कार हो, केही न केही नयाँ कुरा रच्नु हो, जादुले पढेलेखेका, अनुसन्धाता, वैज्ञानिक, अविष्कारमा केन्द्रित मानिसको दिमागसमेत घुमाइदिन्छ, उनीहरूको मस्तिष्कमा प्रश्न उब्जाउँछ,' उनले सुनाए, 'जादु देखाउन तन्त्रको बढी आवश्यकता पर्छ, तन्त्र भनेको तरिका हो, जुनसुकै जादुगरले जादु देखाउनुहुन्छ भने तन्त्रको ज्ञान लिएकै हुन्छ, तरिका सिको गरिएन भने जादु देखाउन सकिँदैन ।'

उनका अनुसार जादुकलामा अध्ययन र एकाग्रता चाहिन्छ । सिको गर्न धैर्यता चाहिन्छ । तान्त्रिक विद्या लिन एक घण्टादेखि एक सातासम्म पनि लाग्छ । कुनै-कुनै जादु सिक्न महिनौं पनि लाग्छ । 'कुनै कुनै जादु मानिस उडाउने, गाडी उडाउने, कागज खाएर फलाम निकाल्ने किसिमका हुन्छन् र वास्तविकता नै जस्तो हुन्छन् । कतिपय जादुको स्टेप हुन्छन्, जादुमा भित्री अर्थात् सेक्रेट कुरा सिक्ने तन्त्रबाट हो, यसमा अभ्यास धेरै गर्नुपर्छ,' उनले सुनाए, 'जादुको आफ्नै सूत्र र तन्त्र छ ।'

जादुमा सिपालु भए पनि उनी शिक्षण पेसा नछाड्ने बताउँछन् । 'जादु देखाएर खान पुग्दैन, यो रमाइलो हो । पेट पाल्न त पढाउनैपर्छ, शिक्षण पेसाप्रति मेरो छुट्टै झुकाव पनि छ । तर, शिक्षक नभएको भए सायद जादुगर हुन्थ्यो होला,' उनले भने ।

राहत शिक्षकलाई सरकारले बेवास्ता गरेको देवेन्द्रको गुनासो

उनी १५ वर्षदेखि राहत शिक्षका रूपमा कार्यरत छन् । अब आउने शिक्षा ऐनमा राहत शिक्षकमा मागहरू समेटिनुपर्ने उनको भनाइ छ । उनका अनुसार ४५ हजार राहत शिक्षकलाई सरकारले अन्याय गरेको छ । 'सरकारले राहत शिक्षकलाई बेवास्ता गरेको छ, उमेर हुँदाखेरि नियुक्ति गरेको थियो । तर, अहिले स्थायी लड्ने उमेर कटिसक्यो, अहिले आएर निकाल्ने कुरा गर्न मिल्दैन, राहत शिक्षकमा आवाजलाई ऐनमा समेटिनुपर्छ, सरकारले शिक्षकलाई हेर्ने दृष्टिकोण राम्रो नभएका कारण यो पेसालाई अपहेलित पेसाको रूपमा राख्नुहुँदैन ।'

राजतन्त्रको पुनर्जीवन

सबैतिर राजतन्त्र उन्मूलनको लहर चलेको २० औं शताब्दीमै केही देशमा भने हटाइएका राजा पुनः फर्काइएको इतिहास छ

विश्व २०औं शताब्दी प्रवेश गर्दा करिब डेढ दर्जन मुलुक मात्र गणतान्त्रिक थिए । सन् १९०० मा अमेरिकी महादेशको अमेरिका (स्थापनाकालदेखि अर्थात् १७७६ देखि) युरोपका दुई मुलुक स्विट्जरल्यान्ड (१८४८ देखि), फ्रान्स (अन्तिमपटक १८७० देखि) गणतान्त्रिक थिए । सबैभन्दा धेरै गणतान्त्रिक अभ्यास गर्ने मुलुक ल्याटिन अमेरिकामा पर्थे । सो भेगका ग्वाटेमाला (१८४० देखि), हाइटी (१८५९ देखि), मेक्सिको (१८६७ देखि), ब्राजिल (१८८९), अल सल्भाडोर-होन्डुरस-निकारागुवा (१८९८), पाराग्वे (१८११), चिल्ली (१८१८), उरुग्वे (१८२८), इक्वेडोर (१८३०), पेरु (१८३९), अर्जेन्टिना (१८६१), कोलम्बिया (१८८६)मा गणतान्त्रिक सरकार थिए । यस समूहमा अफ्रिकाको एक मुलुक लाइबेरिया (१८४७ देखि) हुँदा एसियाका कुनै मुलुक पर्दैनथे ।

दुई विश्वयुद्ध, ठुल्ठुला क्रान्ति, औपनिवेशिकविरोधी संघर्ष, शीतयुद्ध भोगेको २०औं शताब्दी राजतन्त्र उन्मूलनको शताब्दी पनि थियो । सय वर्षको अवधिमा युरोप र एसियाका कैयौं शक्तिशाली ठानिएका राजवंश एकपछि अर्को धराशयी भए । परिणामस्वरूप सय वर्षअघिको अवस्था उल्टिएर राजतन्त्र भएको देशको संख्या करिब दुई दर्जनमा झरेको छ । विशेषतः राजतन्त्रको अभ्यास हुने देश, हुनत राजतन्त्र कायम रहेका सबै देशमा एकै प्रकारको शक्ति अभ्यास पाइँदैन । निरंकुश राजतन्त्रमा राजाको बोली नै शासन हुने गर्छ । यस्ता राज्य अझै पनि कायम छन् । एसिया महादेशमा साउदी अरब, ओमन, ब्रुनाई, संयुक्त अरब एमिरेट (युएई)का सदस्य अधिराज्य अफ्रिका महादेशको इस्वातिनी र युरोपमा भ्याटिकन सिटीमा निरंकुश राजतन्त्र छ । यीमध्ये भ्याटिकन सिटीमा निर्वाचक मण्डलले गर्ने मतदानबाट चुनिने धार्मिक नेता (पोप)को शासन भए पनि उनले राजाकै जस्तो शक्ति अभ्यास गर्छन् । यी मुलुकमा राज्य र सरकारमाथि राजाको पूर्ण नियन्त्रण हुन्छ । त्यसबाहेक बाँकी देशमा भने राजाको अधिकारलाई संविधान वा देशको सर्वोच्च कानुनले नै निर्दिष्ट गरेको संवैधानिक राजतन्त्रको व्यवस्था छ । यिनमा पनि एकथरी संविधानबाट अधिकार लिएर कार्यकारी अधिकार अभ्यास गर्ने र अरू नाम मात्रका सेरेमोनियल राज्य प्रमुख हुने गरी दुई अभ्यास पाइन्छन् । सबैतिर राजतन्त्र उन्मुलनको लहर चलेको २० औं शताब्दीमै केही देशमा भने हटाइएको राजा पुन फर्काइएको इतिहास छ ।



चार्ल्स द्वितीय (बेलायत)



नरोद्दम सिंहानुक (कम्बोडिया)



हुवाँ कार्लोस (स्पेन)

अझै राजतन्त्र कायम रहेका देश

युरोप : बेल्जियम, डेनमार्क, द नेदरल्यान्ड, लक्जेमबर्ग, नर्वे, स्पेन, स्विडेन, बेलायत

एसिया : जापान, थाइल्यान्ड, मलेसिया, कम्बोडिया

अफ्रिका : लेसाथो

कार्यकारी अधिकार प्राप्त संवैधानिक राजतन्त्रात्मक देश

एसिया : भुटान, बहराइन, जोर्डन, कुवेत, कतार, युएई

युरोप : लिचेस्टाइन, मोनाको

अफ्रिका : मोरक्को

ओसेनिया : टोंगा

निरंकुश राजतन्त्र भएका देश

एसिया : ब्रुनाई, साउदी अरब, ओमन

अफ्रिका : इस्वातिनी

राजतन्त्र फर्किएका देश

स्पेन : सन् १९३१ मा स्पेनमा गणतन्त्र स्थापना भयो । लगत्तै गणतान्त्रिक शासनविरुद्ध राष्ट्रवादीहरूले युद्ध घोषणा गरे । सन् १९३८ मा गणतान्त्रिक पक्षलाई पराजित गर्दै जनरल फ्रान्सिस्को फ्रान्कोले फासीवादी शासन स्थापना गरे । आजीवन देशको सर्वेसर्वा भएर शासन गरेका फ्रान्कोले जीवनको उत्तरार्द्धमा भने सन् १९३१ मा अपदस्थ भएका राजा अलफोन्सो तेह्रौंका नाति हुवाँ कार्लोस प्रथमलाई उत्तराधिकारी घोषणा गरे । सोही घोषणाअनुसार हुवाँ सन् १९७५ मा राजा भए । सन् २०१४ मा एकपछि अर्को विवादमा फसेर अलोकप्रियता बढ्दै गएपछि उनले वर्तमान राजा फिलिप छैटौंका लागि सत्ता त्यागे ।

बेलायत : सन् १६४२ मा इंग्ल्यान्डमा राजा र संसद् बिच गृहयुद्ध भड्कियो । राजा चार्ल्स प्रथमले संसद्को सुझावविरुद्ध गएर आयरल्यान्डको विद्रोह दबाउन सेना स्थापना गरेपछि गृहयुद्धको बिउ रोपिएको थियो । संसद् र राजा पक्षधर सेनाबिच सन् १६४० को दशकभरि गृहयुद्ध चल्यो । गृहयुद्धमा ओलिभर क्रोमबेल नेतृत्वको संसद्वादी शक्ति विजयी भयो । राजा चार्ल्स प्रथमलाई मृत्युदण्ड दिएर नयाँ गणतान्त्रिक व्यवस्था सुरु भयो । तर, सन् १६३८ मा क्रोमबेलको निधनपछि कुशल नेतृत्वको अभावमा पहिलेको राजतन्त्रवादी शक्ति बलियो भए र चार्ल्स प्रथमका छोरा चार्ल्स द्वितीयलाई पुनः राजा बनाए ।

कम्बोडिया : कम्बोडियाको राजतन्त्र दुई शताब्दी पुरानो भएको विश्वास गरिन्छ । देश फ्रान्सको उपनिवेश (सन् १८५३ देखि १९५३ बिचमा) हुँदासमेत नढलेको राजतन्त्रलाई सन् १९७० मा एक कुमार्फत हटाइयो । तथापि, यो धेरै लामो समय रहेन । अढाइ दशकको ठुलो अस्थिरतापछि सन् १९९३ मा पुनः राजतन्त्र फर्कियो । कम्बोडियाको राजतन्त्रको पतन र पुनरोत्थान दुवैमा नोरोदम सिंहानुकको महत्त्वपूर्ण भूमिका रह्यो ।

नोरोदम सिंहानुक खासमा फान्सेली उपनिवेशकालमै राजा बनिसकेका थिए । हजुरबुबा सिसोवाथ मोनिभोङको मृत्युपछि उनी सन् १९४१ मा राजा बनेका थिए । महिला महारानी हुने व्यवस्था नभएकाले आमा सिसोवाथ कोसामाकको पालो मिचेर उनी राजा भएका थिए । सिंहानुकमा सक्रिय राजनीतिको ठुलो भोक थियो । त्यसैले सन् १९५५ मा देश फ्रान्सबाट स्वतन्त्र भएर दुई वर्षमा पिता नोरोदम सुरामारितलाई शक्ति सुम्पिएर आफू प्रत्यक्ष राजनीतिमा होमिए । सो वर्ष भएको निर्वाचनमा उनले खोलेको दल साङ्कुमले निर्वाचन जित्यो र उनी प्रधानमन्त्री भए । उनले कठोर एकदलीय शासन चलाए । पाँच वर्षपछि पिताको निधन भयो । त्यसपछि उनी राजगद्दीमा फर्किएनन् । बरु आमालाई महारानी बनाएर आफू 'राज्य प्रमुख'मा आसीन भए । आमा नाम मात्रकी महारानी थिइन् । सम्पूर्ण शक्ति उनकै हातमा थियो ।

राजनीतिज्ञका रूपमा सिंहानुक निकै चतुर खेलाडी थिए । उनी शाही परिवारका व्यक्ति भए पनि आफूलाई समाजवादी भन्थे । त्यस्तै राष्ट्रवादी भाषामार्फत दक्षिणपन्थीलाई रिझाएका थिए । शीतयुद्धकालीन समयमा आफू कुनै समूहमा नरहेको बताउँथे । तर, भित्रभित्रै छिमेकी कम्युनिस्ट (उत्तर) भियतनामसँगको गहिरो सम्बन्ध राखेका थिए । उनले केही राहतको

> सय वर्षको अवधिमा युरोप र एसियाका कैयौं शक्तिशाली ठानिएका राजवंश एकपछि अर्को धराशयी भए । परिणामस्वरूप सय वर्षअघिको अवस्था उल्टिएर राजतन्त्र भएको देशको संख्या करिब दुई दर्जनमा झरेको छ ।

बदलामा देशभित्र उत्तरी भियतनामका सैन्य बलसमेत सक्रिय हुने छुट दिएका थिए । यो नीतिप्रति देशभित्र चर्को असन्तुष्टि थियो । सन् १९६९ मा प्रधानमन्त्रीका रूपमा दक्षिणपन्थी लोन नोल आएपछि उनले भियतनामी उपस्थितिका लागि सिंहानुकको भूमिकालाई दोष दिँदै सिंहानुकविरुद्ध कुको नेतृत्व गरे । लोन नोलको कुमा सिंहानुकको राज्य प्रमुखको पद मात्र खोखिएन, सिसोवाथ कोसामाकसमेत महारानीबाट हटाइइन् । देश गणतन्त्र बन्यो । यस कुमा अमेरिकाको सहयोग रहेको बताइन्छ । शीतयुद्धको तत्कालीन विश्वमा सिंहानुकले आफूलाई तटस्थ बनाए पनि उनी कम्युनिस्ट ध्रुव नजिक थिए । कुपछि कम्बोडियाले आफूलाई अमेरिकाको नजिक घोषणा गरेबाट पनि यसको केही संकेत भेटिन्छ ।

सन् १९७० को कुपछि देशमा पहिलेदेखि सुरु भएको खमेर रुज विद्रोह झनै चर्कियो । उत्तर भियतनाम फौजको सहयोगले कुनै समय सानो कम्युनिस्ट गुरिल्ला दस्ता खमेर रुजले शक्ति बढाउँदै लग्यो । कम्युनिस्ट र गणतान्त्रिक सरकारबिचको गृहयुद्धमा सिंहानुकले कम्युनिस्टको पक्ष लिए । यहाँसम्म कि सन् १९७५ मा खमेर रुजले शासन हत्याएपछि एक वर्षसम्म उनी राज्य प्रमुख बनाइएका थिए । तर, एक वर्षमै सम्बन्ध बिग्रिएपछि उनी नजरबन्दमा राखिए ।

खमेर रुजको पूर्व राजासँग मात्र होइन, उनीहरूलाई सत्तामा ल्याउन सघाएका छिमेकी भियतनामसँग पनि सम्बन्ध बिग्रिएको थियो । सम्बन्ध निकै तनावपूर्ण भएपछि भियनामी फौजले आक्रमण गरेर खमेर रुजलाई सत्ताच्युत गरे । खमेर रुज शासन चार वर्षभित्रै ढल्यो । तिनको स्थानमा भियतनाम समर्थित कम्युनिस्ट सत्तामा आए । त्यसपछि नजरबन्दबाट छुटेका सिंहानुक चीन निर्वासन गए ।

त्यहींबाट उनी भियतनामले स्थापना गरेको सरकारविरुद्ध प्रतिरोध अभियानले गठन गरेको निर्वासित सरकार प्रमुख भए । संयुक्त राष्ट्र संघले उनको सरकारलाई कम्बोडियाको आधिकारिक सरकारको मान्यता दियो । निर्वासित सरकारको आफ्नै प्रतिरोध फौज थियो, जसले भियतनाम समर्थित सरकारविरुद्ध विद्रोह गरिरहेको थियो । सन् १९८० को दशकको अन्त्यदेखि द्वन्द्व अन्त्यका लागि वार्तालै तीव्रता पाउन थाल्यो । यही वार्ताको शृंखलास्वरूप सन् १९८९ देखि चारवर्षे संक्रमणकालीन सरकार गठन भयो । हुन सेन नेतृत्वको यस सरकारले भियतनामलाई कम्युनिस्ट शासनबाट संसदीय प्रजातन्त्रमा लाने काम गऱ्यो । नरोद्दम सिंहानुकको सक्रिय सहभागितामा भएको यस कामले पूर्णता पाएपछि सन् १९९३ मा देशमा राजतन्त्र पुनः फर्काइयो । नरोद्दम सिंहानुक पुनः राजा भए । करिब नौ वर्ष राजा भएपछि उनले छोरा नोरोदम सिहामोनीका लागि गद्दी त्याग गरे ।

पटकपटक राजतन्त्र फर्किएको देश

फ्रान्समा पटक-पटक राजतन्त्र हटाइएको र फर्काइएको इतिहास छ । फ्रान्सेली क्रान्तिपछि सन् १७९२ मा पहिलोपटक फ्रान्समा गणतन्त्र स्थापना भएको थियो । त्यहाँ गणतन्त्र स्थापनापछि पूर्वराजा रहेका लुई सोह्रौं र उनकी पत्नी म्यारी एन्टुवानेटलाई गिलटिनले घाँटी काटेर मृत्युदण्ड दिइएको थियो । तर, गणतन्त्र स्थापनाको १२ वर्षपछि देशभित्र अत्यधिक शक्ति केन्द्रीकृत गरेका सैन्य अधिकृत नेपोलियनले आफूलाई सम्राट् घोषणा गरे ।

शासनकालभरि नेपोलियन विभिन्न युद्ध अभियानमा सरिक रहे । सन् १८१३-१४ को छैटौं गठबन्धनसँग युद्धमा पराजित भएपछि नेपोलियनलाई सत्ताच्युत गरियो । नेपोलियनले हराएका युरोपेली शासकले पुरानो बरबन वंशका लुई अठारौंलाई राजा बनाए । उनका उत्तराधिकारी चार्ल्स दशमविरुद्ध सन् १८३० को विद्रोह भयो । विद्रोहीले चार्ल्स दशमलाई हटाएर लुई फिलिपलाई संवैधानिक रूपमा राखे । तर, सन् १८४८ मा युरोपव्यापी क्रान्तिमा क्रममा उनी पनि फालिए । फ्रान्समा दोस्रो पटक गणतन्त्र आयो ।

तर, दोस्रो गणतन्त्र स्थापनापछिको पहिलो चुनावबाट राष्ट्रपति चुनिएका नेपोलियनका भतिजा नेपोलियन तृतीयले सो व्यवस्था तुहाइदिए । उनले चारवर्षे कार्यकाल सकिएपछि पद छाड्नुको सट्टा आफैंलाई सम्राट् घोषित गरे । यसपटक राजतन्त्र १९ वर्षसम्म रह्यो । नेपोलियन तृतीयको पतनपछि फ्रान्समा पुनः गणतन्त्र स्थापना भयो । त्यसयता राष्ट्रपतिका अधिकार थपघट गर्दै गणतन्त्र निरन्तर कायम छ ।

(**श्रवण उप्रेती** एजेन्सीको सहयोगमा)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १३ वैशाख ०८२

त्रिभुवन विमानस्थलबाट तीन महिनामा साढे २२ लाख यात्रुले लिए सेवा

आन्तरिक र अन्तर्राष्ट्रिय गरी २९ हजार उडान, ११ लाख ८५ हजार अन्तर्राष्ट्रिय र १० लाख ७८ हजार आन्तरिक हवाई यात्रुको आवागमन

नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स र बुद्ध एयरसहित २८ विमान कम्पनीद्वारा अन्तर्राष्ट्रिय उडान सेवा

आन्तरिकतर्फ जहाज र हेलिकोप्टरसहित १८ विमान कम्पनीको सेवा, बुद्ध एयर एक्लैको ६५ प्रतिशत हिस्सा

नवीन अर्याल/नयाँ पत्रिका

सन् २०२५ को पहिलो तीन महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर २२ लाख ६३ हजार पाँच सय ६० हवाई यात्रुले सेवा लिएका छन् । जसमध्ये ११ लाख ८५ हजार अन्तर्राष्ट्रिय यात्रु र १० लाख ७८ हजार आन्तरिक यात्रु रहेको त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ ।

जनवरी, फेब्रुअरी र मार्चमा आन्तरिक र अन्तर्राष्ट्रिय गरी २९ हजार उडान र अवतरण भएका छन् । अन्तर्राष्ट्रियतर्फ सात हजार चार सय ४३ र आन्तरिकतर्फ २२ हजार तीन सय १६ उडान भएको कार्यालयले जनाएको छ ।

तीन महिनाको अवधिमा त्रिभुवन विमानस्थल हुँदै ६ लाख तीन सय ६१ यात्रु विभिन्न देशतर्फ लागेका छन् भने पाँच लाख ८४ हजार सात सय २९ यात्रु नेपाल भित्रिएका छन् । यी यात्रु बोक्न सात हजार चार सय ४३ हवाई उडान भएका छन् । जनवरीमा तीन लाख ८७ हजार ३४, फेब्रुअरीमा तीन लाख ७३ हजार पाँच सय ३४ र मार्चमा चार लाख २४ हजार पाँच सय २२ यात्रुको आवागमन भएको त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ ।

यो अवधिमा पाँच हजार नौ सय ८६ यात्रुले त्रिभुवन विमानस्थलमा ट्रान्जिट सेवा (अर्को विमान चढी गन्तव्यतर्फ लाग्ने)समेत लिएका छन् । यो सेवा लिने जनवरीमा १४ सय ६१, फेब्रुअरीमा २६ सय ३८ र मार्चमा १८ सय ८७ यात्रु रहेका छन् । अहिले नेपालमा २८ वटा वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडान गर्दै आइरहेका छन्, जसमा नेपाल वायुसेवा निगम, हिमालय एयरलाइन्स र बुद्ध एयर नेपाली वायुसेवा कम्पनी हुन् ।

आन्तरिकतर्फ त्रिभुवन विमानस्थलबाट तीन महिनामा ११ हजार एक सय ६५ उडानमार्फत पाँच लाख ४८ हजार तीन सय ५७ यात्रु विभिन्न जिल्लामा गएका छन् भने ११ हजार एक सय ५१ फ्लाइटमार्फत पाँच लाख ३० हजार एक सय १३ यात्रु काठमाडौं आएको त्रिभुवन विमानस्थलको तथ्यांक छ । यो तथ्यांकमा हेलिकोप्टरका यात्रुहरू पनि समावेश रहेको त्रिभुवन विमानस्थलले जनाएको छ ।

जनवरीमा तीन लाख १२ हजार नौ सय २६, फेब्रुअरीमा तीन लाख ५७ हजार सात सय ६९ र मार्चमा चार लाख सात हजार सात सय ७५ आन्तरिक यात्रुले त्रिभुवन विमानस्थलमबाट सेवा लिएका छन् । तराईका सबै विमानस्थल, पोखरा, सुर्खेत, दाङ, गुल्मी, लुक्ला, फाप्लु, तुम्लिङटार, रामेछापलगायत विमानस्थलमा उडान हुँदै आएको छ । जहाज र हेलिकोप्टर गरी १८ वायुसेवाले त्रिभुवन विमानस्थलबाट उडान सेवा सञ्चालन गर्दै आएका छन् ।



अन्तर्राष्ट्रिय उडान र यात्रु

महिना	उडान संख्या	यात्रु संख्या
जनवरी	२४५८	३,८७,०३४
फेब्रुअरी	२२७५	३,७३,५३४
मार्च	२७१०	४,२४,५२२
कुल	७४४३	११,८५,०९०

आन्तरिक उडान र यात्रु

महिना	उडान संख्या	यात्रु संख्या
जनवरी	६३३८	३,१२,९२६
फेब्रुअरी	६९१४	३,५७,७६९
मार्च	९०६४	४,०७,७७५
कुल	२२, ३१६	१०,७८,४७०



■ सूचीकृत हुन मेटाको अटेरी

साताभित्र फेसबुक दर्ता प्रक्रियामा आउने सञ्चारमन्त्रीको विश्वास

■ सामाजिक सञ्जाल प्लाटफर्ममध्ये सबैभन्दा धेरै फेसबुक चलाउने १.३५ करोड र म्यासेन्जर चलाउने १.०८ करोड छन्



सञ्चारमन्त्री **पृथ्वीसुब्बा गुरुङ**

नयाँ पत्रिका

फेसबुकको माउ कम्पनी मेटा सूचीकृत हुन अटेरी गरेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एक साताको म्याद दिएर दर्ता प्रक्रियामा आउन आग्रह गरेको छ । विगतमा टिकटकलाई प्रतिबन्ध लगाएर सूचीकृत गराउन सफल भइसकेकाले फेसबुक दर्ता प्रक्रियामा सामेल हुन सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले विश्वास व्यक्त गरेका छन् ।

सामाजिक सञ्जाललाई गत आइतबारसम्म सूचीकरण हुने समयसीमा तोकिएको थियो । तर, मेटा सूचीकरण हुन नआएपछि थप एक साताको समय थपिएको छ । यसबिचमा मेटाका प्रतिनिधिहरूले काठमाडौं आएर सञ्चार मन्त्रालयका अधिकारीहरूसँग भेटसमेत गरेका छन् । तर, उनीहरूले दर्ता प्रक्रियामा आउनेबारे स्पष्टता दिएका छैनन् ।

राष्ट्रिय सूचना आयोगले शुक्रबार आयोजना गरेको कार्यक्रममा मन्त्री गुरुङले मेटालाई नेपालमा दर्ता हुन आग्रहसहित पटक-पटक सूचना जारी गरे पनि नमानेको गुनासो गरे । तेस्रोपटक जारी गरेको सूचनाको मिति केही दिनअघि सकिएको भन्दै उनले अबको सात दिनभित्र दर्ता नभए मेटालाई नेपालमा प्रतिबन्ध लगाउन बाध्य हुने बताए । मेटाले नेपालमा दर्ता भएर कर तिर्नुपर्ने मन्त्री गुरुङको भनाइ छ ।

'मेटा भन्नेबित्तिकै फेसबुक, म्यासेन्जर, ह्वाट्सएप, इन्स्टाग्रामलगायत बुझिन्छ । यी सबै अहिले निर्बाध चलिरहेका छन् । ठुलो जनसंख्याले चलाइरहेका कारण प्रत्येक घण्टामा यही समाजबाटै दुई-चार हजार पैसा गइरहेको होला मेटाको कार्यालयमा,' उनले भने, 'नेपालमा सबैभन्दा बढी प्रयोग हुने फेसबुकले पलपलमा हाम्रो पैसा लगेको छ । हाम्रो पैसा त्यसरी लुट्ने ? यहाँ हामीसँग दर्ता हुनुपर्दैन, कर तिर्नुपर्दैन ?' उनले भने । हालसम्म टिकटक, भाइबर र विटक मात्रै दर्ता भएको पनि उनले जानकारी गराए ।

११ मंसिर ०८० मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका लागू गरेको थियो । विद्युतीय कारोबार ऐनको व्यवस्थालाई टेकेर मन्त्रालयले यस्तो निर्देशिका लागू गरेको थियो ।

नेपालमा सामाजिक सञ्जाल प्लाटफर्म सञ्चालन गर्ने कम्पनीले मन्त्रालयमा सूचीकरण गर्नुपर्ने उल्लेख छ ।

तर, सामाजिक सञ्जाल प्लाटफर्ममध्ये सबैभन्दा बढी एक करोड ३५ लाख फेसबुक प्रयोगकर्ता छन् । त्यस्तै, म्यासेन्जर चलाउने एक करोड आठ लाख र इन्स्टाग्राम चलाउने ३६ लाखभन्दा बढी रहेको सरकारी तथ्यांक छ । प्रयोगकर्ता धेरै भएकाले कानुन नमानेको कारण देखाएर सरकारले तत्काले प्रतिबन्ध लगाउने हिम्मत गर्न सकेको छैन ।

'आर्थिक विकास गर्न वैकल्पिक विकास वित्त आवश्यक'



काठमाडौं/ अर्थमन्त्री विष्णुप्रसाद पौडेलले दिगो आर्थिक विकास र पूर्वाधार परियोजनामा दीर्घकालीन लगानी सुनिश्चित गर्न वैकल्पिक विकास वित्त परिचालन आवश्यक रहेको बताएका छन् ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा वैकल्पिक विकास वित्त परिचालनसम्बन्धी विधेयकको सैद्धान्तिक अवधारणा पेस गर्दै सो कुरा बताएका हुन् । अर्थमन्त्री पौडेलले वर्तमान वित्तीय स्रोतको अभाव पूर्ति गर्दै राष्ट्रिय प्राथमिकताका परियोजनामा स्रोत जुटाउन आवश्यक रहेको र यसलाई कानुनी आधार दिन विधेयक ल्याएको जानकारी दिए ।

उनले पूर्वाधार क्षेत्र तथा परियोजनाको पहिचान, प्राथमिकीकरण, पूर्वाधारमा लगानीका लागि आवश्यक पर्ने आन्तरिक स्रोत, विभिन्न वित्तीय उपकरणहरूको यथोचित प्रयोग, संस्थागत संरचना, अनुगमन तथा मूल्यांकनसम्बन्धी विषयलाई समेट्ने गरी विधेयक आएको बताए ।

वैदेशिक रोजगारीको बिमकलाई नयाँ व्यवस्था

काठमाडौं/ बिमा प्राधिकरणले वैदेशिक रोजगारीमा जाने श्रमिकको बिमा गर्ने कम्पनीहरूलाई लक्षित गरी कसिलो व्यवस्था लागू गरेको छ । वैदेशिक रोजगार (म्यादी) जीवन बिमा नेपालबाट विदेशमा काम गर्न जाने श्रमिकको जोखिम सुरक्षण गर्ने उद्देश्यले यो कोष सञ्चालनमा छ ।

कोषको सदस्यता गुमाएका बिमा कम्पनीहरूले बिमालेख बिक्री गर्न नपाउने व्यवस्था राखिएको छ । वैदेशिक रोजगार विभागमा सूचीकृत भएर लगातार तीन महिनासम्म बिमालेख जारी नगर्ने बिमकको कोषको सदस्यता स्वतः खारेज हुने व्यवस्था छ । यसरी सदस्यता खारेज भएका बिमकलाई बिमालेख बिक्रीमा प्रतिबन्ध लगाइने भएको हो ।

सदस्यता खारेज मात्र नभई, विभागमा सूचीकृत नभएका र निर्देशन पालना नगर्ने बिमकलाई पनि यो व्यवस्था लागू हुने उल्लेख छ ।

त्यस्तै, बिमकले बिमालेख जारी गर्दा पाउने बिमा शुल्क सामूहिक बिमा कोषको छुट्टै बैंक खातामा प्रत्येक महिनाको १ देखि १५ गतेसम्मको विवरण १६ गतेभित्र जम्मा गर्नुपर्ने भएको छ ।

सेन्ट्रल फाईनान्स लिमिटेडको २८ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/१३ गते

यस वित्तीय संस्थाको मिति २०८२ साल बैशाख १२ गते बसेको सञ्चालक समितिको ३५१ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २८ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति, समय र स्थान :

मिति : २०८२ साल जेष्ठ ४ गते आइतबार ।
समय : बिहान १०.०० बजे
स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

छलफलका विषयहरू :

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने बारे ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ साल असार मसान्तको वासलात तथा मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने बारे ।
३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(ख) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी

१. यस वित्तीय संस्थाको २८ औं वार्षिक साधारण सभाको लागि कम्पनीको शेयर नामसारी, दाखिला खारेज कार्य मिति २०८२/०१/२२ गते बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द हुनुभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भई नियमानुसार नामसारी, दाखिल खारेज भई आएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन, मतदान गर्न सक्ने छन् ।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारमहरु) सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र दर्ता गरी सक्नुपर्नेछ ।
३. कम्पनीको आर्थिक विवरण समयभित्र प्राप्त नभएमा शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.centralfinance.com.np तथा केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुरबाट प्राप्त गर्न सकिने छ ।
४. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयमा साधारण सभाको मितिभन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनीको कार्यालय मार्फत कम्पनीका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।
५. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा जिज्ञासाको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
६. सभा सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
CENTRAL FINANCE LIMITED
Serving Your Financial Needs

केन्द्रीय कार्यालयः कानदेवस्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशन को सूचना

यस हाई टेक-इंजिनियरिंग प्रा. लि. ले चाइनाबाट पैठारी गरेको एयर कण्डिसनको अधिकतम खुद्रा बिक्रि मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

सि न	माल वस्तुको विवरण	आकार प्रकार	ब्रान्ड	मोडेल	क्षमता	उत्पादित मुलुक राष्ट्र	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा बिक्रि मूल्य MRP
१	एयर कण्डिसन	स्प्लिट टाइप	डिजीकम	DG-1202OF/HS	१ टन	चाइना	प्रति थान	५४,०००	५४,०००
२	एयर कण्डिसन	स्प्लिट टाइप	डिजीकम	DG-1802OF/HS	१.५ टन	चाइना	प्रति थान	७३,०००	७३,०००
३	एयर कण्डिसन	स्प्लिट टाइप	डिजीकम	DG-2402OF/HS	२ टन	चाइना	प्रति थान	८८,०००	८८,०००
४	एयर कण्डिसन	स्प्लिट टाइप इन्वर्टर	डिजीकम	DG-1260IV/HS	१ टन	चाइना	प्रति थान	६२,०००	६२,०००
५	एयर कण्डिसन	स्प्लिट टाइप इन्वर्टर	डिजीकम	DG-1860IV/HS	१.५ टन	चाइना	प्रति थान	८३,०००	८३,०००
६	एयर कण्डिसन	स्प्लिट टाइप इन्वर्टर	डिजीकम	DG-2460IV/HS	२ टन	चाइना	प्रति थान	१०१,०००	१०१,०००
७	एयर कण्डिसन	फ्लोर स्टेन्ड	डिजीकम	DG-2420OFFS/HS	२ टन	चाइना	प्रति थान	११६,०००	११६,०००
८	एयर कण्डिसन	फ्लोर स्टेन्ड	डिजीकम	DG-4820OFFS/HS	४ टन	चाइना	प्रति थान	२०७,०००	२०७,०००
९	एयर कण्डिसन	सिलिङ्ग कसेट	डिजीकम	DG-2415OFCC/HS	२ टन	चाइना	प्रति थान	१३१,०००	१३१,०००

फर्म को नाम : हाई टेक इंजिनियरिंग प्रा. लि.

स्थायी लेखा न. : ३०१४०३६३०
ठेगाना : बालुवाटार, काठमाडौं, फोन न. : ०१-४५४४८११

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

शिलबन्दी वोलपत्र आह्वानको सूचना नं.- ०७/०८१/८२

पहिलो पटक प्रकाशित मिति : २०८२/०१/१३

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने का.म.पा.वडा नं. ६ मँहाकालको सार्वजनिक शौचालय फिर्निसिङ गर्ने कार्य गर्न तपशिलमा उल्लेखित नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आह्वान गरिन्छ ।

शर्तहरु

१. वोलपत्रको ग्राह्यता (इलिजिबिलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ । (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security(Bank Gurantee)
२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई यस समितिबाट का.म.पा.वडा नं. ६ मँहाकालको सार्वजनिक शौचालय फिर्निसिङ गर्ने कार्यको लागि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र वोलपत्र खरिद गरी १६ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ । वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ ।
३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (बिल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । बैंक ग्यारेण्टी (बिल्ड बोण्ड) को कम्तिमा १२० दिन अवधिको पेश गर्नु पर्नेछ । नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११०९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश : सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ ।
७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन ।
८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ ।
९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ ।
१०. जुन फर्मको नाममा वोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ ।
११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण वोलपत्र दस्तावेजमा खुलाईनेछ । साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
१२ फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ ।

तपशिल

ठे.नं.	कामको विवरण	वोलपत्र जमानी रकम (ठेक्का लागत अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
८/०८१/८२	का.म.पा.वडा नं. ६ मँहाकालको सार्वजनिक शौचालय फिर्निसिङ गर्ने कार्य	२.५ प्रतिशत	१९,८९,७१६.०५	१,५००

मोटरसाइकल हरायो

मिति २०८२/१/८ गते राती अ.१:०० देखि ३:०० बजेको समयमा काठमाडौं जिल्ला तारकेश्वर न.पा.-५, अर्यालटार स्थित पार्किङबाट मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : कृष्ण कुमार श्रेष्ठ
मो.सा.नं.: बा.प्र. ०२-०४६ प ८०४१
चेसिस नं.: MD2A13EX6NCM84670
इन्जिन नं.: DKXCNM-38975
सम्पर्क न.: 9851332926

सर्टिफिकेट हरायो

मिति २०८१/११/२५ गते बाल्कोट बाट बानेश्वरसम्म जाँदा +2 को NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name : YUKESH RAI
Reg.No : 803271870225
Symbol No. : 22737723
Contact : 9763200167

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
शनिबार १३ वैशाख ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ तेस्रो नेपाल सुपर लिगको आज फाइनल

ललितपुर र पोखरा भिड्दै

■ ललितपुरको फाइनल यात्रा

- काठमाडौं रेन्जर्सविरुद्ध २–२ को बराबरी
- पोखरा थन्डर्सविरुद्ध ३–२ ले विजयी
- धनगढी एफसीविरुद्ध ०–० को बराबरी
- एफसी चितवनविरुद्ध २–१ ले विजयी
- बुटवल लुम्बिनीविरुद्ध २–० ले विजयी
- झापा एफसीविरुद्ध १–१ को बराबरी
- क्वालिफायरमा धनगढीविरुद्ध २–१ ले विजयी

■ पोखराको फाइनल यात्रा

- एफसी चितवनविरुद्ध २–१ ले पराजित
- ललितपुर सिटीविरुद्ध ३–२ ले पराजित
- काठमाडौं रेन्जर्सविरुद्ध २–० ले विजयी
- धनगढी एफसीविरुद्ध ०–० को बराबरी
- झापा एफसीविरुद्ध १–१ को बराबरी
- बुटवल लुम्बिनीविरुद्ध २–० ले विजयी
- एलिमिनेटरमा चितवनविरुद्ध ३–० ले विजयी
- दोस्रो क्वालिफायरमा धनगढीविरुद्ध १–० ले विजयी



विजेताले ८० लाख पाउने

तेस्रो संस्करण एनएसएलको विजेताले ८० लाख रुपैयाँ पाउने भएको छ। आयोजक नेपाल स्पोर्टस् एन्ड इन्भेट म्यानेजमेन्टले शुक्रबार विजेताको पुरस्कार राशि घोषणा गरेको हो। उपविजेताले ३० लाख रुपैयाँ प्राप्त गर्नेछ। आयोजकले यसपटक पुरस्कार राशि गत वर्षको तुलनामा १० लाख रुपैयाँ वृद्धि गरेको जनाएको छ।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

तेस्रो नेपाल सुपर लिग (एनएसएल)को फाइनलमा जसले ट्रफी उचाले पनि रेकर्ड बन्नेछ। दशरथ रंगशालामा शनिबार उपाधि भिडन्तमा ललितपुर सिटीले पोखरा थन्डर्सको सामना गर्दै छ। ललितपुर लगातार दोस्रोपटक र पोखरा पहिलोपटक च्याम्पियन बन्ने योजनाका साथ मैदानमा प्रस्तुत हुनेछन्। अहिलेसम्म काठमाडौं रेन्जर्स र ललितपुरले मात्र समान एकपटक उपाधि जितेका छन्। लगभग एक महिनासम्म चलेको एनएसएलको २५औं खेलबाट उपाधिको छिनोफानो हुनेछ। यसपटक ललितपुरले च्याम्पियनशैलीमा प्रतिस्पर्धा गरिरहेको छ।

अहिलेसम्म एउटा पनि खेल नगुमाउने एक्लो टोली ललितपुर हो। ललितपुरले उपाधि रक्षा गर्ने उद्देश्यका साथ मैदानमा प्रतिद्वन्द्वीहरूलाई निराश बनाएको छ। यसको विपरीत पोखराको फाइनल यात्रा बिलकुल फरक रह्यो। सुरुका दुई खेलमा अनपेक्षित रूपमा पोखरा पराजित भयो। एक समय पोखराको प्ले अफसम्म पुग्ने सम्भावनासमेत कमजोर बनेको थियो। सुरुका दुई खेल गुमाएको पोखराले त्यसपछि उत्कृष्ट प्रदर्शन मात्र गरेन, उपाधि दाबेदार टोलीमाथि सानदार प्रदर्शन गऱ्यो। फाइनल प्रवेशको खेलमा पोखराले साबिक दुईपटकको उपविजेता धनगढी एफसीविरुद्ध एकपक्षीय खेलमा हरायो।

ललितपुरले पायो एक साताको रेस्ट

पोखराको तुलनामा ललितपुरले फाइनलको तयार गर्न प्रशस्तै समय पायो। धनगढीसँगको पहिलो क्वालिफायरपछि शनिबार दशरथ रंगशालामा उत्रिँदै छ। लगभग एक साताको रेस्ट पाउँदा ललितपुरले टिमसेट बनाउने मौका पायो। 'यो एक साताको रेस्टमा हामीले कमी-कमजोरी औंल्याउने मौका पायौं,' ललितपुरका प्रशिक्षक साइमन ग्रेसनले शुक्रबार आयोजित प्रिपोस्ट म्याचमा भने, 'टिमको तयारी राम्रो भएको छ।' पोखराले एक साताभित्र दुईवटा खेल खेल्यो। इलिमेटर चरणमा पोखराले चितवनलाई हरायो। त्यसपछि पोखराले धनगढीमाथि जित निकाल्यो। लगभग तीन दिनको रेस्टमा पोखराले फाइनलको तयारी गरेको हो। एनएसएलमा पहिलोपटक फाइनल पुग्दा सबै दंग भएको प्रशिक्षक सुमन श्रेष्ठले बताए। 'अहिले हाम्रो ड्रेसिङ रुममा खुसी माहोल छ, यसलाई उपाधि जित्दै निरन्तरता दिने प्रयासमा छौं,' श्रेष्ठले भने, 'फाइनलको प्रतिद्वन्द्वी राम्रो छ, यसैअनुसार रणनीति बनाएका छौं।' प्रशिक्षक श्रेष्ठभन्दै कप्तान नवयुग श्रेष्ठले लिगको उपाधि जित्नु अर्थपूर्ण रहेको बताए।

पोखरासमक्ष लिग चरणमा व्यहोरेको हारको बदला लिने अवसर छ। लिग चरणमा ललितपुरले पोखरामाथि ३-२ को कठिन जित निकालेको थियो। अहिले पोखराको खेल माथिल्लो लेभलमा छ। ललितपुरले फाइनलमा पोखरालाई हल्का लिँदा ठुलै घाटा सामना गर्नुपर्छ।

अपराजित र फर्मामा रहेका टोलीबिच भिडन्त

ललितपुर तेस्रो सिजनमा एक्लो अपराजित टोली हो। ललितपुरले लिग चरणमा ६ खेल गुमाउनुपरेन। शीर्ष स्थानमा रहेर ललितपुर सहजै प्लेअफमा पुगेको थियो। पहिलो क्वालिफायरमै ललितपुरले धनगढीलाई हराउँदै फाइनलमा स्थान पक्का गऱ्यो। लिग चरणमा सुरुका तीन खेलमा एक जित र दुई बराबरी नतिजा निकालेको ललितपुरले पछिल्ला तीन खेलमा दुई जित र एक बराबरी नतिजा निकालेको थियो। पोखराले उत्कृष्ट पुनरागमन गर्दै अन्तिम दुई यात्रा तय गरेको हो। लिग चरणमा ६ खेलमा समान दुई जित, हार र बराबरी नतिजा निकाली चौथो स्थान रक्षा गरेको थियो।



फाइनलको तयारी राम्रो भयो

● **साइमन ग्रेसन**, प्रशिक्षक, ललितपुर

हामीले क्वालिफायरपछि लामो समय रेस्ट पायौं। यस अवधिमा टिमको तयारी राम्रो भएको छ। पोखराविरुद्ध जित निकाली उपाधि रक्षा गर्ने आशा छ। एक किसिमले हामीले राम्रो तयारी गरेका छौं। लगभग एक हप्ता तयारीको समय पायौं। खेलमा ओभरकन्फिडेन्ट हुनुहुँदैन। उपाधि भिडन्तमा शारीरिक र मानसिक रूपमा तयार छौं।



कमी-कमजोरी सुधार्ने मौका पायौं

● **अनन्त तामाङ**, कप्तान, ललितपुर

प्ले अफपछि हामीले लामो समय रेस्ट पायौं। प्राप्त एक हप्ताको समयमा टिमलाई राम्रोसँग तयार गने अवसर मिल्यो। गत वर्ष मेरै कप्तानीमा ललितपुरले उपाधि जितेको छ। यसपटक हामी उपाधि रक्षा गर्नेछौं। सबै खेलाडी टिमवर्कको भावनामा प्रतिस्पर्धा गरिरहेका छन्। यसले सबैलाई सहज बनाएको छ।



टिम स्पिरिट राम्रो छ

● **सुमन श्रेष्ठ**, प्रशिक्षक, पोखरा

पहिलोपटक फाइनल पुग्दा सबैजना खुसी भयौं। अहिलेसम्म हाम्रो टिम स्पिरिट राम्रो छ। यो एक महिना लामो तयारीको नतिजा देखाउने समय हो। यसमा सबै खेलाडी तयार छन्। हाम्री पहिलोपटक च्याम्पियन बन्न मिहिनेत गर्छौं। फाइनल पुगेका दुवै टिम राम्रा छन्। ललितपुरविरुद्ध विशेष रणनीति हुनेछ।



प्रतिस्पर्धात्मक हुने अपेक्षा छ

● **नवयुग श्रेष्ठ**, कप्तान, पोखरा

यो लिगको उपाधि जित्नु अर्थपूर्ण छ। फाइनलमा राम्रो प्रदर्शन गर्दै उपाधि उचाल्ने प्रयास गर्छौं। अहिलेसम्म उत्कृष्ट प्रदर्शन गरी यहाँसम्म (पोखरा) पुगेको छ। अब निर्णायक खेलमा पोखराले संयमित भएर खेल्नेछ। व्यक्तिगत रूपमा एनएसएल ट्रफी जित्नु महत्वपूर्ण छ। अपराजित ललितपुरविरुद्धको फाइनल प्रतिस्पर्धात्मक हुने अपेक्षा छ।

■ लुम्बिनी कप महिला फुटबल

एपिएफलाई उपाधि



रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल एपिएफ क्लबले पहिलो संस्करणको अन्तर्राष्ट्रिय आमन्त्रण लुम्बिनी कप महिला फुटबल प्रतियोगिताको उपाधि जितेको छ। बाँकेको नेपालगन्ज रंगशालामा शुक्रबार भएको फाइनलमा एपिएफले नेपाल पुलिस क्लबलाई १-० ले पाखा लगाउँदै उपाधि हात पारेको हो। एपिएफले यस वर्षको ट्रफी उचालेको हो। ०७९ सालयता एपिएफ घरेलु फुटबल प्रतियोगितामा अपराजित नै रह्यो। पुलिसले एपिएफको अपराजित 'जिंक' तोड्ने योजनाका साथ प्रतिस्पर्धा गरेको थियो। तर, खेलको अन्तिम नौ मिनेटको इन्जुरी समयमा सम्हालिन नसक्दा पुलिस योजनामा सफल भएन।

इन्जुरी समय लगभग सकिने लाग्दा डिफेन्डर गीता रानाको हेडिङ गोल नै एपिएफको उपाधि पक्का भयो। उनी नै फाइनल खेलकी म्यान अफ म्याच भइन्। इन्जुरी समयबाहेक निर्धारित ९० मिनेटमा पुलिसले एपिएफलाई गोलरहित बराबरीमा रोक्न सफल भएको थियो। पुलिसले रक्षात्मक खेल खेल्दा एपिएफ आक्रामक देखियो। नेपालगन्जको ४० डिग्री तापक्रममा दुवै टोलीका खेलाडीलाई खेल्न गाह्रो भएको देखिन्थ्यो।

एपिएफलाई उपाधि दिलाएपछि प्रशिक्षक भगवती थापाले पुलिसलाई हराउन कठिन भएको बताइन्। 'फाइनलमा पुलिसलाई जित्न निकै कठिन भयो, खेलाडीले पनि सोचेजस्तो खेल्न सकेनन्,' थापाले भनिन्, 'अन्तिम समयमा हामीले खेल उल्ट्यायौं।'

अनिता सर्वोत्कृष्ट खेलाडी

व्यक्तिगत विधाको अवार्डमा एपिएफका खेलाडीको वर्चस्व रह्यो। एपिएफकी अनिता बस्नेतले सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै २५ हजार रुपैयाँ पाइन्। गोलरक्षकमा पुलिसकी उषा नाथ उत्कृष्ट भइन्। एपिएफका डिफेन्डर गीता राना, मिडफिल्डर सरु लिम्बू, स्ट्राइकर अनिता केसी र प्रशिक्षक भगवती थापाले व्यक्तिगत उपाधि हात पारे।

एपिएफलाई लगातार तेस्रो उपाधि

एपिएफले मोफसलमा लगातार तेस्रो उपाधि जितेको छ। यसअघि एपिएफले इलाम र चितवन गोल्डकपको उपाधि जितेको थियो। एपिएफले गत वर्ष महिला लिगको उपाधि पनि उचालेको थियो। ०७९ सालमा धनगढीमा पुलिसले एपिएफलाई हराउँदै उपाधि उचालेको थियो। त्यसयता पुलिसले उपाधि उचाल्न सकेको छैन। एपिएफ त्यसपछि अपराजित छ।

राष्ट्रिय महिला टोलीमा पूजाको फड्को

दुई वर्षअघि डेब्यु गरेकी युवा अलराउन्डर पूजा महतोले मे महिनामा थाइल्यान्डमा हुने आइसिसी टी-२० विश्वकप एसियन छनोटमा नेपालको उपकप्तानी गर्ने

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीमा युवा खेलाडी पूजा महतोले फड्को मारेकी छिन्। नेपाल क्रिकेट संघ (क्यान)ले आगामी मे महिनामा थाइल्यान्डमा हुने आइसिसी महिला टी-२० विश्वकप एसिया क्वालिफायरका लागि टोली घोषणा गर्दा पूजाले उपकप्तानको जिम्मेवारी पाएकी छिन्। उनी यू-१९ टोली कप्तानसमेत हुन्। क्यानले नियमित कप्तान इन्दु वर्माको नेतृत्वमा शुक्रबार १४ सदस्यीय अन्तिम टोली घोषणा गरेको हो। क्यानले दोस्रो चरणको प्रशिक्षणमा रहेका २० खेलाडीबाट अन्तिम टोली घोषणा गरिएको हो।



■ नेपाली टोली

● इन्दु बर्मा (कप्तान) ● रुबिना क्षेत्री ● कविता कुँवर ● विन्दु रावल ● पूजा महतो (उपकप्तान) ● रोमा थापा ● रुबी पोदार ● सबनम राई ● कविता जोशी ● ईश्वरी विष्ट ● सम्झना खड्का ● मनीषा उपाध्याय ● राजमती ऐरी ● रिया शर्मा

विन्दु रावल, सम्झना खड्का, रुबिना क्षेत्री, रोमा थापा, कविता जोशी, रुबी पोदार, राजमती ऐरी, कविता कुँवर, सबनम राई, ईश्वरी विष्ट, मनीषा उपाध्याय र रिया शर्माले एसियन विश्वकप खेल्नेछन्। अन्तिम चरणमा काजल श्रेष्ठ, सोमु विष्ट, यशोदा विष्ट, सीता रानामगर, सिमाना केसी र रचना चौधरीले भने स्थान बनाउन सकेनन्।

क्यानले नेपाललेयुगान्डामा भएको चारदेशीय टी-२० आई सिरिजका क्रममा प्रतिस्पर्धा गरेका पाँच खेलाडीले यसपटकको राष्ट्रिय टोलीमा स्थान बनाउन सकेनन्। युगान्डामा सिरिज खेलेका सना प्रबिन, ममता चौधरी, एलिशा यादव र रचना चौधरी बाहिरिएका छन्। युगान्डा सिरिज गुमाएकी कविता कुँवरसहित चार खेलाडीले पुनरागमन गरेका छन्। रुबी, मनीषा र सबनम राष्ट्रिय टोलीमा फर्किएका छन्।

थाइल्यान्डमा ७ देखि २१ मेसम्म एसिया क्वालिफायर हुनेछ। जसमा नेपालसहित नौ टोलीले प्रतिस्पर्धा गर्नेछन्। नेपाल रहेको समूह 'सी'मा बहराइन र हङकङ छन्। नेपालले ९ मे, १३ मेमा हङकङ र १५ मा बहराइको सामना गर्नेछ। छनोट चरणका शीर्ष दुई टोली ग्लोबल क्वालिफायरमा पुग्नेछन्। ग्लोबल क्वालिफायरमा १० टोलीले प्रतिस्पर्धा गर्नेछन्। शीर्ष चार टोली अर्को वर्ष जुन-जुलाईमा इंग्ल्यान्डमा हुने आइसिसी महिला टी-२० विश्वकपमा छनोट हुनेछ।

■ दुई वर्षअघि राष्ट्रिय टोलीमा डेब्यु

नयाँ उपकप्तान बनेकी पूजाले दुई वर्षअघि क्वालालम्पुरमा हङकङविरुद्ध राष्ट्रिय टोलीमा डेब्यु गरेकी थिइन्। उनले अहिलेसम्म सिनियर टोलीबाट ३२ खेलमध्ये २६ इनिङ्समा चार सय नौ रन बनाएकी छिन्। यस क्रममा उनले दुई अर्धशतकीय इनिङ्स खेलेकी छिन्। अलराउन्ड भूमिका राम्रोसँग निर्वाह गर्न सक्ने पूजाले ३१ टी-२० आई इनिङ्समा २६ विकेट हात पारेकी छिन्। सन् २०२४ मा उनले माल्दिभ्सविरुद्ध ५९ रनको अर्धशतकीय इनिङ्स खेलेकी थिइन्। यस वर्ष उनले नेदरल्यान्ड्सविरुद्धको प्रतिस्पर्धामा ६२ रन बनाएकी थिइन्। एसियाली भूमिमा उनको ब्याटिङ राम्रो छ। उनले अहिलेसम्म २६ खेलमध्ये २० इनिङ्समा तीन सय १९ रन बनाएकी छिन्। उनले करिअरमा बनाएको दुई अर्धशतक पनि एसियाली मैदानमै थियो। सन् २०२५ को सिजनमा उनको ब्याटिङ चलिरहेको छ। २२.४० को स्ट्राइकमा उनले ब्याटिङ गरिरहेकी छिन्।

■ आइपिएल-२०२५

चेन्नई पाँच विकेटले पराजित

एजेन्सी/ सनराइजर्स हैदराबादले शुक्रबार १८औं इन्डियन प्रिमियर लिग (आइपिएल)मा पूर्वविजेता चेन्नई सुपर किंग्समाथि पाँच विकेटको सानदार जित निकालेको छ। घरेलु मैदानमा पहिलो ब्याटिङ गरेको चेन्नई १९.५ ओभरमा एक सय ५४ रनमा समेटियो। प्रत्युत्तरमा हैदराबादले १८.४ ओभरमा पाँच विकेटको क्षतिमा एक सय ५५ रन बनायो। जितसँगै हैदराबाद आठौं स्थानमा उक्लेको छ। हैदराबादले नौ खेलबाट ६ अंक जोडेको छ।

पाँचपटकको विजेता चेन्नई अंकतालिकाको पुछारमै रह्यो। चेन्नईले नौ खेलमा सात हार र दुई जित निकाली चार अंक जोडेको छ। राजस्थानले पनि चारै अंक जोडेको छ। हैदराबादको जितमा कामिन्दु मेन्डिस र नीतिषकुमार रेड्डीले छैटौं विकेटका लागि ३१ बलमा ४९ रनको नटआउट साझेदारी गरेका थिए। कामिन्दुले २२ बलमा ३२ रन तथा नीतिषले १३ बलमा १९ रन बनाए।

यसअघि ब्याटिङ गरेको चेन्नईका ओपनर आयुषले ३० रन तथा डेवाल्ड ब्रेभिसले ४२ रन बनाए। रवीन्द्र जडेजाले २१ रन तथा दीपक होडाले २२ रन जोडे। बलिङमा हैदराबादका हर्सल पटेलले २८ रन खर्चेर चार विकेट लिए।



उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट




यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३१, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com